# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली समाज हिन्दू धर्मबाट प्रेरित समाज हो । ऐतिहासिक कालदेखि भन्नुपर्दा आयहरूले प्राकृतिक प्रकोप रोकियोस् सन्तान उत्पत्ति होस् भनी विभिन्न देवी देवता कल्पना गरे त्यहीबाट कर्मकाण्डको शुरुवात भएको मानिन्छ । त्यसलाई उत्तर बौद्धिक कालमा कट्टर तरिकाले बनाइयो । ईशापूर्व १००० मा समाजमा महिला पुरुषको बराबरी महत्व थियो । महिलालाई देवी, लक्ष्मी, पार्वतीको रूपमा हेरिन्थ्यो । उनीहरू विवाहपछि पनि बाबुकै घरमा बस्थे उनीहरूको उच्च स्थान थियो । पुरुष बिना पनि सबै संस्कार गरिन्थे । जब ईशापूर्व १९०० देखि ९०० को समयमा आर्यहरू राज्य विस्तारको काम महिलाले नै गर्थे । हातहतियार, उत्पादनमूलक कृषि गर्दथे । जब आर्यहरूले उत्तर भारत जिते त्यसपछि युद्धमा हारेकालाई दासको रूपमा सस्तो श्रममा लगाए । त्यसपछि विस्तारै महिलाको स्तर तल गिर्न थाल्यो । ई.सं. ५०० देखि ६०० वर्षमा अनेकौ स्वार्थी प्रवृत्ति देखिए त्यहाँबाट महिलालाई यति तुच्छ तुच्छ पारियो की आफ्नो श्रीमान्को अन्तिम संस्कारमा समेत प्रतिबन्ध लगाइयो । मनुस्मृति पछि न महिलाको स्थान साह्रै तल पारियो । महिलालाई विवाहपूर्व छोरी उच्च रूपमा हेरिने र विवाह पश्चात् सबैभन्दा तुच्छ सम्झिन थालियो । यसरी हिन्दू समाजमा महिलालाई एकातिर असल सिर्जनशील रूपमा हेरिएको छ भने अर्कोतिर भयानक खराब चरित्रको रूपमा हेरिन्छ । त्यस्तै, हिन्दू धर्म र दर्शन परम्पराले एकातिर "यत्र पुज्यते नारी रमन्ते तत्र देवता" भन्ने मान्छे भने अर्कोतिर नभन्ने मान्यता राख्दछ । यसर्थ नेपाली विवाहित महिलाको हैसियत पनि छ, अपराधी पनि छ, सम्मानित पनि छ र अपमानित पनि छ (भट्टराई, २०६०) ।

नेपाल विविधतामा एकता भएको देश हो, जहाँ विभिन्न जातजाति, भाषा, धर्म, संस्कार रहेका छन् । प्रत्येक जातजातिहरूको आ-आफ्नो भाषा, धर्म, संस्कार, मुल्य मान्यता एवम्

चालचलन रहेका छन् । जुन एक अर्कामा भिन्न छन् । यसका साथै धर्म, लिङ्ग, पेशा, उमेर आदि कुरामा पनि विभिन्न आधारमा पनि हाम्रो समाजमा विभेदको अवस्था कायमै छ ।

महिलाको लागि वैवाहिक स्थितीले धेरै महत्वपूर्ण प्रभाव पार्दछ । यसबाट एउटी महिला छोरीबाट बुहारीमा परिवर्तन भई भूमिका तथा सम्वन्धमा फरक आउँछ (आचार्य १९७२) । स्वास्नी मान्छेको जीवनको एक र अन्तिम उद्देश्य नै विवाह गर्नु र बच्चा जन्माउनु हो भन्ने मान्यता हाम्रो समाजमा ब्याप्त छ (शर्मा, २०३९) ।

परम्परागत मुल्य, मान्यता र संस्कारको आधारमा ब्राह्मण, क्षेत्री परिवारका महिलाहरू शिष्ट, नम्र मिजासका र धमोलु स्वभावका हुन्छन् । विभिन्न विशेषताहरू परिवारमा भएको हुँदा बुहारीको भूमिका अनुसार दैलो कुचो, घाँस, दाउरा, ढिकी, जाँतो, मेलापातको नाममा जाने गर्दछन् । घरमा फुर्सद हुँदा सुकुल, गुन्द्री बुन्ने, स्वीटर र कपडा सिलाउने काममा नै व्यस्त रहन्छन् । त्यसैगरी सासु ससुराप्रति, श्रमिानप्रति आज्ञापालन गर्नु, कतै कसैसँग कुराकानी, हाँसो, ठट्टा गरेमा पनि शंकाको बातावरण हुन्छ । नेपाली महिलाहरू छोरी बुहारी र आमाका रुपमा चिनिन्छिन् तर आफ्नो व्यक्तिगत परिचयको रुपमा हैन (सुवेदी, २०५६) ।

नेपाली नारीहरू परम्परागत रुपमा नै अधिनमा राखिनुपर्ने नीति नियमहरू बनेर महिलालाई स्वतन्त्र छाड्नु हुँदैन भन्ने परिपाटीले मान्यता पायो । नारी कुमारी हुँदा बाबुको, विवाह भएपछि पतिको र वृद्ध भएपछि छोराको अधिनमा राखिनुपर्दछ भने अर्कोतिर आर्थिक नाकावन्दी गरिदिनु हुँदैन (भट्टराई, २०६०) ।

जेण्डरको संरचना समाजले बनाएको हुनाले यसलाई परिवर्तन गर्न सक्छौ, समाज व्यक्तिहरूबाट बन्दछ । जुन हामीले आफ्नो समाज ठाउँ, समय र आवश्यकता अनुसार बनायौ । त्यसलाई परिवर्तन गर्न सक्छौँ (भासिन, १९९३) ।

नेपाली कानून व्यवस्था पितृसत्तामा आधारित रहेका छन् । विशेषगरी महिला र बाल बालिकाहरू विभिन्न किसिमका भेदभाव र शोषणका विषय भएका छन् । महिलामा यी हुने लैङ्गिक भेदभाव घरबाट नै शुरु हुने र संस्कृतिको रूपमा संस्थागत बनेको देखिन्छ । बालबालिकाहरूलाई जन्मैदेखि अरु कसैको नासाको व्यवहार गर्ने शिक्षा र व्यक्तिगत

विकासमा लगानी गर्न नचाहने देखिन्छ । महिला र पुरुषलाई समान सुरक्षा दिन नसक्नुमा परिवार समाज मात्र नभएर कानून पनि त्यतिकै जिम्मेवार रहेको उल्लेख गरिएको छ । नेपालको संविधानको महिला र पुरुषलाई समान अधिकार दिए तापनि पैतृक सम्पति, विवाह, सम्बन्ध विच्छेद, महिला विरुद्ध हुने हिंसा आदि पक्षका कानूनहरू पुरुष केन्द्रित रहेका छन् । कतिपय संशोधन गरिएका कानूनहरू कार्यान्वयनको अभावमा कागजी रूपमा नै थन्किएका छन् । एक्काइसौं शताब्दीको सङ्घारमा आइपुग्दा महिला र पुरुषसमान अधिकारबाट र विकास निर्माण प्रक्रियामा सहभागीतकृ विकल्प छैन । महिलाको व्यक्तिगत समस्या र मुद्धाहरू महिलामात्र नभएर राष्ट्रिय समस्या र मुद्धाका रूपमा लिनु जरुरी छ । लैङ्गिक समानताका अगाडि बढ्न सकेमात्र राष्ट्रले विकासको नयाँ बाटा फेर्न सक्नेछ त्यसैले नेपालको कानूनी अवस्थालाई हेर्दा पितृसत्ताको छाप परेको देखिन्छ भने जति पनि कानूनमा अधिकार दिएको छ त्यसको पनि पूर्ण उपयोग महिलाले गर्न सकिरहेको छैनन् । जबसम्म लैङ्गिक समानता र भेदभाव कायमै रहन्छ तबसम्म सुशासन र स्वस्थ प्रजात्न्त्र प्रायः असम्भव नै छ (मानन्धर र भट्टचन, २००१ : ५९) ।

समाज सामाजिक सम्बन्धको जालो हो । जहाँ महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । दुबै समाजका महत्वपूर्ण भाग हुन् । जबसम्म महिलाहरू पुरुष सरह समानुपातिक विकास र अभियानमा सक्रिय सहभागिता हुँदैनन् तबसम्म देश, गाउँ विकास, समाज र घरसम्म सुधार आउन सक्दैन । महिला र पुरुषको मिलनबाट संसार रहने र त्यसले सिङ्गो राष्ट्रलाई नै टेवा पुऱ्याउने कारणले गर्दा समाजमा रहका सङ्कुचित धारणालाई फराकिलो बनाउनका लागि समाजमा रहेको विभेद जुन घरपरिवारबाट नै शुरुवात हुन्छ । जुन परिवर्तन गर्नु आवश्यक हुन्छ भन्ने कुरा यस अध्ययनले जोड दिनेछ ।

समाजमा अति नै संगठित रुपमा लुकेर रहेका बुहारीहरूप्रति सकरात्मक मूल्य मान्यता, विश्वास तथा दृष्टिकोण नै बास्तवमा सासु र बुहारीमा फरक दर्शाउने एउटा महत्वपूर्ण अवधारणा हो । सामाजिक संस्कार र चालचलनअनुसार परिवारमा सासु पहिलो दर्जामा रहने र सासुको अधिनस्थ भएर बुहारी बस्नु पर्ने भेदभावपूर्ण व्यवहार परिवारमा देख्न सकिन्छ ।

## १.२ समस्याको कथन

हाम्रो नेपाली समाज पितृसत्तामा आधारित रहेको छ । जहाँ परिवार तथा समाजमा मुख्य भूमीकाको रुपमा पुरुषलाई लिइने गरिन्छ । धर्म, परम्परा र प्रतिष्ठाको आडमा पुरुष महिला माथि धेरथोर रुपमा शोषण गरिरहेका छन् । अझै पनि हाम्रो समाजमा पुरुषसरह महिलाहरू अगाडि आउने र नेतृत्वपूर्ण भूमिकामा रहेर अगाडि आउन सक्ने अवस्था देखिदैन । जसलाई हामी तितो सत्यको रुपमा लिन सक्छौं । जसलाई भासिनका निम्न भनाईबाट थप पुष्टि गर्न सकिन्छ ।

परिवार एवम् समुदायमा केटा सरह केटीहरूले अघि बढ्ने मौका पाउँदैनन् आफ्नो प्रतिभाको विकास गर्न पाउँदैनन् एउटै परिवारमा केटाहरू अगाडि र केटीहरू पछाडि देखिन्छन् (भासिन्, २०००) ।

बुहारीहरूप्रति रहेका पुराना मुल्यमान्यता, बुहारीलाई नियन्त्रणमा राख्नुपर्दछ । बुहारीहरूले छोरा नजन्माए उसलाई घृणा गर्ने, बुहारीहरूले घर भित्रको मात्र काम गर्नुपर्दछ, बुहारीलाई सासु ससुरा, श्रीमानले आफ्नो अधिनमा राख्नुपर्दछ । घर बाहिर निस्कन हुँदैन । छोराछोरीको स्याहारसुसार सँगै घरधन्दा पनि भ्याउनुपर्छ । बुहारीलाई सामाजिक तथा परिवारिक दमन बढी हुन्छ । उनीहरूलाई आफ्नो स्थानमा बस्नुपर्दछ भन्ने जस्ता नकरात्मक मुल्य मान्यता हावी रहेको नेपाली समाजमा त्यस अन्तर्गत पनि ब्राह्मण क्षेत्री परिवारमा बुहारीलाई हेर्ने दृष्टिकोण नै फरक हुने हुँदा लैङ्गिक भेदभावको अवस्था कायमै छ ।

बुहारीहरूलाई शैक्षिक शिक्षा, स्वास्थ्यको सुविधा दिएपनि कम दिने उनीहरूलाई पौष्टिक आहार, माया, ममता, मनोरञ्जन आदिको सवालमा पनि कमै मात्रामा ध्यान दिन्छन् । सँगसँगै छोराहरू छोरीहरूको तुलनामा बुहारीहरूलाई निम्न दर्जाको रुपमा लिइन्छ ।

यस अध्ययनको माध्यमबाट यस्तो परिस्थितिमा लैङ्गिक समताको अवधारणालाई जोड दिन्छ । जहाँ छोरी एवम् बुहारीमा समान धारणा र सोचको विकास गरी परिवार एवम् समाजमा समान हैसियत भूमिका दिलाउनका लागि निम्न प्रश्नहरूको उत्तर खोज्ने लक्ष्य राखेकी छु ।

- ब्राह्मण क्षेत्री परिवारमा बुहारीहरूको सामाजिक आर्थिक स्थिति कस्तो छ ?
- बुहारीलाई सासु ससुराले कस्तो व्यवहार गर्दछन् ?
- के परिवारमा छोरी र बुहारीको भूमिकामा अन्तर छ ?
- दैनिक जिवनयापनमा पारिवारिक कार्यमा बुहारीको अवस्था कस्तो छ ?

माथि उल्लेखित प्रश्नहरूलाई मेरो अध्ययनको समस्या मानी सोसँग सम्बन्धित भई अध्ययन अगाडि बढाएकी छु ।

## १.३ अध्ययनको उद्देश्य

यस अनुसन्धानको उद्देश्य भनेको महिलाहरूको त्यसमा पनि ब्राह्मण क्षेत्री जातिमा बुहारीहरूको अवस्था सम्बन्धी अध्ययन गर्नु हो । समाजमा बुहारीलाई हेर्ने दृष्टिकोणमा के-कस्तो र कसरी परिवर्तन हुँदै आएको छ । बुहारीले समाजमा कस्तो स्थान पाएका छन् भन्ने जानकारी प्राप्त गर्नु रहेको छ । त्यसैले यस अध्ययनका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

- ब्राह्मण र क्षेत्री परिवारमा बुहारीहरूको सामाजिक, आर्थिक स्थिति पत्ता लगाउने ।
- दैनिक जीवनयापन र पारिवारिक कार्य प्रक्रियामा ब्राह्मण र क्षेत्री बुहारीहरूको अवस्थाको विश्लेषण गर्ने ।

## १.४ अनुसन्धानको महत्व

एक घरको छोरी अर्को घरमा विवाह गराएर बुहारीको रुपमा प्रवेश गर्नुपर्ने हाम्रो परम्परा रहेको छ । यसरी विवाह गराएर ल्याएको बुहारीलाई लक्ष्मिको रुपमा घर ल्याए पनि उनीहरूप्रति नकारात्मक सोच कायमै छ । अर्काको घरबाट मागेर विवाह गर्ने अनि छोरीको ठाउँबाट बुहारीको रुपमा दोस्रो स्थान लिनुपर्ने हाम्रो समाजमा ब्राह्मण क्षेत्री समाजमा बुहारीहरू समाजमा इज्जत र प्रतिष्ठापूर्वक रुपमा बाँच्न नसकिरहेको अवस्थामा बुहारीको हालको स्थितिलाई यो अध्ययनले बाहिर ल्याउन काम गर्नु छुट्टै महत्व बोकेको छ । साथै यो अध्ययनले यस्तै किसिमका अन्य विषयमा अध्ययन गर्न खोज्ने व्यक्ति, सरकारी तथा गैर सरकारी सस्थाहरूलाई सहयोग पुऱ्याउनेछ भन्ने आशा गर्न सकिन्छ ।

## १.५ अध्ययनको सीमा

अनुसन्धान प्रस्तावना एक शैक्षिक अध्ययन भएकोले कुनै निश्चित क्षेत्र, समस्या, विषय अन्तर्गत रहेर आफ्नो अध्ययनलाई अगाडि  बढाउने सन्दर्भमा स्पष्ट हुनुपर्दछ । जस अन्तर्गत यो अध्ययन पोखरा लेखनाथ महानगरपालिका वडा नं. १६ बाटुलेचौरको चमेरी गुफामा रहेको ब्राह्मण क्षेत्री परिवारका कूल ६२ घरपरिवारमा मात्र केन्द्रित रहेर त्यहाँका विवाहित महिलाहरूको अवस्थाको बारेमा अध्ययन गरिएको छ । प्रत्येक घरका १६-४० वर्ष उमेर सम्मका बुहारीहरूको सामाजिक, आर्थिक स्थिति र दैनिक जिवन यापन एवम् पारिवारिक कार्य प्रक्रियाको अवस्थालाई मात्र समेटिएको छ । यो अध्ययन एउटा सानो क्षेत्रमा केन्द्रित रहेकाले यसबाट प्राप्त परिणाम र निष्कर्षहरू अन्य ठाउँमा प्रभावकारी नहुन पनि सक्छ । यो अध्ययन ब्राह्मण क्षेत्र जातिका बुहारीहरूमा मात्र सीमित रहेकोले यसले अन्य जातिका बुहारीको प्रतिनिधित्व नगर्न सक्छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ अवधारणागत पृष्ठभूमि

बैदिककालिन समयमा नेपाली महिलाको अवस्था निकै उच्च रहेको तथ्य ऐतिहासिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । जुनबेला शिक्षा, सम्पत्ति तथा सामाजिक सम्मान आदिमा महिला र पुरुष दुवैको समान अवस्था पहुँच र हैसियत रहेको थियो । ऋग्वेदमा उल्लेख भए अनुसार 'पति' शब्दको उत्पत्ति पनि पत्नी शब्दबाटै भएको जनाइएको छ । पतीले गर्ने प्रत्येक कार्य पत्नीको अनुपस्थितिमा पूरा नहुने विश्वास बैदिक कालिन समाजमा पाइन्थ्यो । वैदिक कालपछि स्मृतिकालको समयमा महिलाको अवस्थालाई हेर्दा समाजमा लैङ्गिक विभेदको स्थिति शुरु भएको पाइन्छ । परिवारमा विवाहित महिलाको अस्तिव पुरुषसँग सम्बन्धित मात्र बनेन सबै उमेर तहका महिलाहरू पुरुषको नियन्त्रणमा रहनुपर्ने अवस्थाको सिर्जना भयो । मनुले त्तकालिन समाजमा नारीको हैसियतका बारेमा चर्चा गर्दै भनेका छन्- महिला अविवाहित अवसथमा रहँदा बाबु र दाजुभाइको नियन्त्रणमा रहनुपर्दछ । विवाह भइसकेपछि लोग्नेको र विधवा भएपछि छोराको नियन्त्रणमा रहनुपर्दछ । यस भनाइले स्मृतिकालमा महिलाको स्वतन्त्र हैसियत र अधिकारहरूलाई पुरुषहरूले धर्मको नाममा खोस्ने कार्य गरे । परिवारमा एउटा स्त्रीले लोग्नेको भक्ता र इमान्दार श्रीमती भएर रहनुपर्ने भयो । लोग्नेले अर्को विवाह गर्न सक्ने परिस्थिति सिर्जना भएको थियो । जबकी महिलाको वैवाहिक स्वतन्त्रताहरू कटौती गरियो । यसबाट के बुझिन्छ भने हिन्दु धर्मदर्शनमा धर्म, कर्म, मोक्ष, आदिका नाममा महिला विभेदका प्रक्रियाहरू तथा पुरुष प्रभुत्वका प्रक्रियाहरू उत्तर बैदिक कालदेखि नै शुरुवात भइसकेका थिए । समाजका प्रत्येक तहमा महिलाको हैसियत र अस्तिव कमजोर र पुरुषको प्रभुत्व बलियो बन्दै आयो (आचार्य, २०७१) ।

नेपाली परिवेशमा महिलाको सामाजिक स्थितिको बारेमा व्याख्या विश्लेषण गर्न निकै नै गाह्रो छ । उसको अवस्थाको बारेमा उ बस्ने ठाउँ, जात, धर्मले पनि जनाएको हुन्छ । एउटा, आमा, छोरी, बुहारीको आफ्नो घरमा छुट्टाछुट्टै भूमिका रहेको हुन्छ । अझै भन्नु पर्दा एउटा

परिवारमा घरको निर्णय लिने काम भने सासुको मात्र हुन्छ किनभने नेपाल समाजमा सासुलाई एक मुख्य व्यक्तिको रुपमा लिइन्छ । उही सासुको छोरी भएको कारणले उसले जति घरमा स्वतन्त्रता पाएको हुन्छ त्यति त्यस घरमा भएकी बुहारीले कहिले पनि पाउदिन । जब एउटी केटी बिहेर गरेर अर्को घरमा जान्छे । कानुनी रुपले त्यस घरको सदस्य भएतापनि उसलाई त्यस घरमा स्वतन्त्रता दिइदैन तर जिम्मेवारी मात्र दिइन्छ । एउटी बुहारीले आफ्नो इच्छा, आकांक्षा मारेर त्यस घरको बारेमा मात्र सोचेर बाँच्नुपर्दछ । अहिलेको स्थितिमा शिक्षाले पनि पहिलेबाट चल्दै आएको चल्तीलाई त्यति असर पार्न सकेको छैन । किनकी शिक्षित महिलाहरूले पनि त्यो समस्या भोग्दै आइरहनु परेको छ । जुन विष्ट (१९९१) ले आफ्नो अध्ययनमा पत्ता लागेका छन् ।

महिलाहरूलाई पहिले देखि नै शिक्षाबाट बञ्चित गराउँदै आइरहेको छ किनभने शिक्षा उसको लागि राम्रो ठानिदैन थियो । १९५० साल सम्म पनि शिक्षालाई वडा शासकहरूले जनतासम्म आउन दिएका थिएनन् तर ब्राह्मणलाई त्यो बेला पनि शिक्षा दिइन्थ्यो मात्र पूजा आर्जन गर्नको लागि त्यो पनि पुरुषमा मात्र सिमित थियो । त्यति बेला एउटा 'बधु शिक्षा' भन्ने किताब हरेक घरमा पढिन्थ्यो जसमा बुहारीलाई आफुले कसरी नियन्त्रणमा राख्ने भनेर लेखिएको थियो । बुहारीलाई घरको काम र बच्चाहरूको स्यारसुसारमा मात्र सीमित राखिन्थ्यो (लुइटेल, २०३०) ।

ब्राह्मण र क्षेत्री जातमा पनि एउटा छोरीलाई धेरै कुराबाट बञ्चित राखिन्थ्यो । छोरीको कमाई खानु हुँदैन भनेर उसलाई काम गर्न दिदैन थिए । उसलाई आफ्नो दाइभाइको हेरचाहमा मात्र सीमित राखिन्थ्यो । नेपाली समाज एउटा पितृसत्तात्मक मुलुक हो जसले गर्दा पुरुषलाई सधैं माथिल्लो स्थानमा राखिएको छ भने महिलालाई सधैं तल्लो स्थानमा राखिन्छ । त्यसैले महिला सधैं कमजोर हुन्छे र उ सधैं पुरुषमा निर्भर भएर बस्नु पर्दछ । वेनेट (१९८१) ले आफ्नो पर्वतीय महिलामा गरेको अध्ययनमा एक महिलाको अधिकारहरूको व्याख्या गरेकी छन् जस्तैः

- विवाह पछि पनि उसले आफ्नो माइतीसँग सम्बन्ध बनाइ राख्न पाउने ।
- उसले आफ्नो क्षमताले आफ्नो परिवारको इज्जत समाजमा बढाउन सक्ने;

) उसले आफ्नो क्षमताले काम गर्न पाउने र आफ्नो परिवारको आर्थिक अवस्थामा सहयोग गर्न पाउने ।

## ब्राह्मण क्षेत्री जातिको जातीय पृष्ठभूमि

ब्राह्मण क्षेत्रीलाई सबैभन्दा बढी सङ्ख्या भएको जाति मानिन्छ । नेपालको जनगणना २०६८ अनुसार कूल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये ३२,२६,९०३ (१२.२µ ) ब्राह्मणको सङ्ख्या रहेको छ भने ४३,९८,१७३ (१६.६µ ) जनसङ्ख्या क्षेत्री रहेको पाइन्छ । शुरु शुरुमा सबै ठाउँमा र आजकल भने कही कही मात्र ब्राह्मण क्षेत्रीलाई चिनाउने अर्को नाउँ खस ब्राह्मण हो । यसैकारण नेपाल पहाडका सबै जसो क्षेत्रीय पूर्खालाई खस भन्ने चलन चलेको हो । प्रायजसो खसहरू पहाडी क्षेत्रमा छरिएर रहेका छन् भने तराईमा अल्पसङ्ख्यक छन् । आधुनिक नेपालको निर्माण र देशको राजनीतिक, सामाजिक र धार्मिक क्रियाकलापहरूमा यिनिहरूको भूमिका महत्तवपूर्ण हुन्छ । खस जाती नेपालभर प्रख्यात रहेको जाती मानिन्छ (विष्ट, २००५:७८) ।

पश्चिम एसियाबाट आई भारतको पंजाब र त्यसपछि गङ्गाको फाँटमा पुगेर वैदिक र पौराणिक हिन्दु धर्म तथा संस्कृतिको विकास गर्ने आर्यहरू खसका पूर्खाहरू थिए । आजभन्दा ३००० वर्ष पहिला सिन्धु र गङ्गा नदीको फाटमा हिन्दु धर्म र सभ्याताको विकास भएको अवस्थामा यिनिहरूमा भेडापालन, बाखा पालन र गाई पालन गरेर दुःखी जीवन बिताउँथे ( विष्ट, २००५ : ६८) । बाहौ शताब्दीतिर भारतका मुसलमानले बसोबास धार्मिक परम्परा तथा जीवनशैली नै भताभुङ्ग पारिदिएपछि ब्राह्मण क्षेत्रीहरू नेपाल पसे । उपाध्यय ब्राह्मण, जैसी, ठकुरी, खत्री, क्षेत्री र कुनैपनि जातमा परिणत भएकाहरू खसको नामलाई मतवाली खस भन्न थालियो । त्यसपछि कर्णाली प्रदेशबाट पूर्वतिर बसाई सर्दै गएका ठकुरी र क्षेत्रीहरूले खस परम्परा र शब्दलाई छोडे “खस“ शब्द अपमानित भई चलनचल्तीबाट हराउन थाल्यो भने कर्णाली प्रदेशमा प्रयोग हुने खस शब्दले पनि राम्रो इज्जत नपाएको हुनाले कम प्रयोगमा ल्याइन्छ (विष्ट,२००५ : ७१) ।

दोस्रो महायुद्ध पछिको भारत २००७ सालपछिको नेपालले जात-भातलाई मान्यता दिन थालेपछि ब्राह्मण क्षेत्रीको चर्चा अलि कम हुन थालेको हो । यी आर्य जाति हुन् । नेपाली

भाषा आर्यहरूकै भारोपेली भाषा परिवार अन्तर्गतको भाषा हो । यी जातिहरूको मुख्य पेशा शाही सेना, निजामति तथा प्राविधिक सेवाको उच्च पद र कृषि हो । वर्तमान समयमा जातभात हराउँदै गएपनि परम्परा अनुसार ब्राह्मणलाई दुईभागमा छुट्याइएको पाइन्छ ।

१) कुमाई    २) पूर्वीया

कुमाईमा भट्ट, विष्ट, उप्रेती, पन्त, पाण्डे, पनेरु, जोशी, डोटेल, पर्दछन् भने पूर्वीयामा पौडेल, अधिकारी, अर्याल, दाहाल, चापागाई, रेग्मी, देवकोटा, ढकाल, रिजाल, सुवेदी, सत्याल, भण्डारी, बासकोटा, घिमिरे, खरेल, आचार्य आदी पर्दछन् । जहाँ विभिन्न धर्मशास्त्रका अनुसार छोरी बुहारीमा विविध कारणवंश भेदभाव गरिने प्रचलन थियो । धेरै हदसम्म त्यसमा कम आइरहेको छ (विष्ट, २००५) ।

## २.२ सैद्धान्तिक समिक्षा

### २.२.१ लिङ्ग र सामाजिक लिङ्गको धारणा

लैङ्गिक अध्ययनले आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक, साँस्कृतिक र प्राविधिक आदि पक्षमा महिला र पुरुषको अवस्था तथा स्थितिको विशलेषण गर्दछ । मानवीय अस्तिव तथा सामाजिक व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरू सम्पादन गर्दछन् । तर हाम्रो देशमा महिला र पुरुषको स्थान समान छैन । महिला तथा पुरुषले सम्पादन गर्ने भूमिकाको कार्यभार, प्रतिफल, सामाजिक मूल्याङ्कन असमान रहेको छ । त्यसैले लैङ्गिक अध्ययनले महिला र पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक, मनोबैज्ञानिक पक्षको अवस्था, सम्बन्ध, अन्तरक्रिया, समानता, विभेद असमानता आदिको विशलेषण गर्दै महिला र पुरुषको समानताको खोजी, अध्ययन, अनुसन्धान गर्दछ । प्राकृतिक रुपमा महिला र पुरुषको संरचना फरक भएपनि महत्व समान रहेको र सामाजिक तथा साँस्कृतिक रुपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सिर्जना भएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुवैको सहयात्राद्वारा लैङ्गिक समानतामुलक, उन्नत र दीगो समाजको निर्माण गर्न खोज्दछ ( मासले, १९९८) ।

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ, उनीहरूलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थ बोध गर्नुलाई सामाजिक लिङ्ग (जेण्डर) भनिन्छ । लिङ्ग शब्दले महिला र पुरुष शरीरको भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक, सामाजिक र साँस्कृतिक भिन्नतालाई बुझाउँछ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले अपेक्षा गरेको भूमिका नै लैङ्गिक हो लैङ्गिकले महिला र पुरुषको सामाजिक, साँस्कृतिक अतिरिक्त महिला र पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ, त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने साँस्कृतिक मुल्य, मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रुप हो (भासिन, १९९३) ।

महिलावादी अवधारणाः प्रत्येक समाजमा विद्यमान रहेका लैङ्गिक असमानताको कारण, परिणाम तथा त्यसको मात्र समान किसिमको हुँदैन । त्यसालई प्रभाव पार्ने पक्षहरूमा जसरी सामाजिक, साँस्कृतिक पक्षहरू, जिम्मेवार छन् त्यसैगरि आर्थिक पक्ष पर्ना जिम्मेवार हुन्छ । अर्कोतिर सामाजिक व्यवस्था, अर्थ राजनीति, शिक्षा आदि पक्षले पनि लैङ्गिक सम्बन्धमा प्रभाव पार्न सक्छन् । समाजको बहु विशेषता भित्र प्रवेश गरेर मात्र लैङ्गिक सम्बन्धलाई खोज्नु पर्दछ ।  जसले महिलाको हकहित र अधिकारलाई जोड दिन्छ, साथै महिलाको दृष्टिबाट हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ । बास्तवमा नारीवाद महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध कदापि होइन । किनकी महिला शोषण र अत्याचारको विरुद्धमा कतिपय पुरुषहरू पनि लागि परेका थिए र छन् जस्तै नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध चीनमा केटीहरूमा खुट्टालाई बाँधेर बढ्न नदिने विरोध आदि । नारीवादको सुरुवात १८ औं शताब्दी देखि सुरु भएर पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढेको छ (चौलागाई र पोखरेल, २०६०) ।

मानव सभ्यताको प्रारम्भमा महिला र पुरुषबीच विभेद र असमानताका दुरीहरू ज्यादै सीमित थिए । जब समाज दास युग हुँदै अगाडि बढ्यो तब पितृसत्तात्मक व्यवस्था संस्थागत रुपमा विकसित हुँदै आएको पाइन्छ । समाजका हरेक क्रियाकलापहरूमा महिलाको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाइन्छ । महिलाभन्दा पुरुषले बढी अवसर र प्राथमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बञ्चित बन्दै गए । समाज

भनेको विभिन्न संस्था, मुल्य, मान्यता, नियम, परम्परा, मान्यताहरूको गतिशील सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पूरुषलाई निश्चित मुल्य मान्यता, भूमिका र पदहरू दिइएको हुन्छ । यिनै मुल्य कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् (भण्डारी, २०६०) ।

## २.२.२ महिलावादमा पहिलो धार

महिलावादी आन्दोलनको क्रमलाई केलाउँदा महिलाको पहिलो धारणाको सुरुवात अमेरिकामा दासताको विरुद्ध महिलाद्वारा गरिएको आन्दोलनका साथै एलिजावेथ स्टान्टन र लुर्सिया मटद्वारा न्यूयोर्कमा गरिएको महिला सम्मेलनको महत्वपूर्ण भूमिका खेलेका छन् । महिला आन्दोलनको यो धार महिलाको राजनीतिक, कानूनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यो आन्दोलनले दासताको विरुद्धमा मतदान गर्ने अधिकार, महिलाका आधारभूत अधिकार, रोजगारी र शिक्षा आदि विषयलाई जोड दिएको पाइन्छ । सन् १९५३ मा प्रकाशित सिमोन द वोउवारको “दी सेकेन्ड सेक्स” पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो एकेडेमिक पुस्तक थियो । महिला मुक्ति आन्दोलनलाई सैद्धान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रूपमा अगाडी आएको थियो । “स्त्री पैदा हुन्न बरु उसलाई बनाइन्छ” भन्ने धारणका साथ पुस्तक लेखिएको थियो । यो धार सन् १९५० मा सुरु भएर सन् १९६० को प्रारम्भमा अस्तिवमा रह्यो (मार्सल सन् २००४ : २२८) ।

## २.२.३ महिलावादमा दोस्रो धार

सन् १९६० मा सुरु भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । विभिन्न ठाउँमा महिला संगठनहरू स्थापना भए । त्यसैगरी धेरैजसो समसामयिक नारीवादी सिद्धान्तहरूले सामाजिक सांस्कृतिक पक्ष लगायत महिला असमानता र विकासको व्याख्या गरे । यसरी महिलावादी दोस्रो धारमा महिलाविरुद्धको दमन शोषणको अन्त्य र महिला स्वायत्ततालाई जोड दिएको पाइन्छ । महिलावादमा दोस्रो धारको विकास १९६० को दशकमा भयो । सन् १९६३ मा वेटी फ्रीडानले “दी फेमीनीजम मिस्टिक्यू” पुस्तकमा महिलालाई श्रम विभाजनबाट केबल घरभित्रका कामहरू जिम्मा लगाउने भएकाले महिला सीमित दाएरमा बाँधिन्छन् । त्यसैले महिलालाई सार्वजानिक कामको क्षेत्रमा पहुँच दिइएको

खण्डमा महिला स्वत : स्फूर्त रूपमा स्वतन्त्र हुने थिए भनिएको छ । यो नै दोस्रो धारको विकासमा कोसेढुङ्गा सावित भयो (मासेल, २००४) ।

## २.२.४ महिलावादमा तेस्रो धार

महिलावादमा तेस्रो धार १९८० को दशक पछाडि सुरु भएको मानिन्छ । तेस्रो धारको महिलावादको महिलामाथि हुने दमनलाई फरक किसिमले व्याख्या गरेको छ । यसले मुलत नारी-नारी बीचमा हुने फरकपनको विश्लेषण गर्दछ । यो धारले जटिल अवस्थामा रहेका महिलाको समस्या उजागर गर्ने प्रयत्न गरेको छ । समाजमा वस्तु तथा सेवाको असमान वितरणले गर्दा महिला महिलाबीच फरक भएको निष्कर्ष निकालेको छ । यस धारले ८० को दशकभन्दा अगाडी महिलाका सम्बन्धमा गरिएका अध्ययन, अनुसन्धान मनगणन्ते र यथार्थभन्दा टाढा रहेका भन्दै लैङ्गिक दर्शन र सिद्धान्तहरूलाई तीव्र आलोचना गरेको थियो । नारीवादी तेस्रो धारको सुरुवात भएपछि महिला आन्दोलन केबल पश्चिम समाजमा मात्रै सीमित नभई तेस्रो विश्वमा समेत फैलियो। नारीवादी तेस्रो धारको मूल जरा उत्तर आधुनिकतावाद हो । उत्तर आधुनिकतावादले विविधता र पुनः संरचनाको व्याख्या गर्दछ । यस समयमा महिलाहरूमा सामाजिक, राजनीतिक, कानुनी तथा सांस्कृतिक सुधार अर्न्तगत समेटिएका र स्वतन्त्र महिलावादीहरू विभिन्न संघसंस्थाहरू, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् (मासेल, २००४ : २३५) ।

यसरी विगतदेखि वर्तमानसम्म महिलावादका सम्बन्धमा विभिन्न विचार, अवधारणा, उपागम तथा सिद्धान्तहरू देखापरेका छन् । यी मध्ये समसामयिक महिलावादी सिद्धान्तले सामाजिक जीवन र मानवीय अनुभवहरूको विकासका क्रममा देखा परेका व्यापक तहका विचारहरूलाई केन्द्रित दृष्टिबाट प्रष्टाउने प्रयास गरेको छ । वास्तवमा महिलावादी सिद्धान्त महिला केन्द्रित छन् जसमा निम्न आधार रहेका छन् :

- सामाजिक विश्वलाई महिलाको फरक दृष्टिबाट हेर्ने प्रयास गर्नु ।
- समाजमा महिलाका अवस्था र अनुभवहरूको अनुसन्धान उद्देश्य र सम्पूर्ण अनुसन्धानहरूको प्रारम्भिक विन्दु महिला नै रहनु ।

महिलावादी सिद्धान्त महिलाको चुनौती र सक्रियताको प्रतिनिधित्व गर्ने सिद्धान्त जसले महिलाका लागि सुन्दर संसार निर्माण गर्न खोजिरहेको छ ।

महिलाका बारेमा के त ? महिलाको अवस्था किन यस्तो छ ? महिलाहरूका बीचमा हुने फरक बारेमा के त ? अवस्थाहरूमा सुधार कसरी गर्ने ? भन्ने आधारभूत प्रश्नहरूमा महिलावादी सिद्धान्तका प्रकारहरू आधारित रहेका छन् (रीटजर, १९९८ :४४४) ।

जसमा पहिलो प्रश्नको उत्तरमा महिलाको अवस्था, अनुभव र स्थान पुरुषको भन्दा फरक रहेको छ भन्दै लैङ्गिक विभिन्नताकोृ सिद्धान्तका व्याख्या गर्ने प्रयास गरिएको छ । दोस्रो प्रश्नको उत्तरमा महिलाको अवस्था पुरुषको भन्दा फरक मात्र नभई कम विशेषाधिकारयुक्त अवस्था पुरुषको भन्दा असमान छ जसको व्याख्या लैङ्गिक असमनताको सिद्धान्त माक्सवादी र उदारतावादी कोणबाट गरिएको छ । तेस्रो प्रश्नको उत्तरमा महिला र पुरुषबीचमा रहेको प्रत्यक्ष साविक सम्बन्धबाट महिलाको अवस्था बुझ्नुपर्छ । महिलाहरू दमित भएका छन् उनीहरू पुरुषद्वारा नियन्त्रित गरिएका, अधिनमा राखिएका, प्रयोग गरिएका, दुर्व्यवहार गरिएका, च्यापिएका छन् यसको व्याख्या लैङ्गिक दमनका सिद्धान्तले गर्ने प्रयास गरिएको छ । नारीवादमा तेस्रो धारको केन्द्रीय शोधले चौथो प्रश्नको समभाव्यतालाई समाधान गर्ने प्रयास गरेको छ (रिटजर, १९९६ : ४४५) ।

यसरी महिलावादी आन्दोलन अगाडी बढ्ने प्रकृयामा विभिन्न धारमा निम्नानुसारका महिलावादी दृष्टिकोणहरू विकास भएको पाइन्छ ।

### क) उदार महिलावाद र सुधारात्मक महिलावाद

उदार महिलावादले महिलामा समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ । महिला तथा पुरुषहरूबीच रहेको लैङ्गिक विभेदयुक्त कार्यको विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरुद्धमा स्वतन्त्रताको आवाज उठाउने कार्य उदार महिलावादबाट भएको थियो । लैङ्गिक असमनाताका कारण उत्पन्न सबैखाले बन्देजहरूका विरुद्धमा यो महिलावाद खडा भएको देखिन्छ । व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानिएको छ । प्राकृतिक रूपमा नै महिला र पुरुषमा फरक स्थिति रहेकोले नै सो अनुरूप व्यवहार गर्ने गरिन्छ, जसका कारण

बालापनदेखि नै महिलाहरू परनिर्भर बन्ने प्रक्रिया सुरु हुने भएकाले प्राकृतिक आधारमा रहेको लिङ्ग अवस्थालाई आधारित गरेर सामाजिक भूमिका निर्धारण हुने सामाजिक विश्वास र परम्परालाई गलत ठान्दछन् । त्यसैगरी विवाह, परिवार, नातासम्बन्ध, धार्मिक संस्था आदिमा समेत लैङ्गिक विभेदको स्थिति रहेकोले त्यसबाट महिलाहरू शक्तिहीन बनेका हुन्छन् । महिलाहरूको स्वतन्त्रता घट्दै र परनिर्भरता बढ्दै जान्छ । त्यसैले उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिदै नीतिगत रूपमा कानूनी सुधार र गलत लैङ्गिक सामाजीकिकरणको सच्चाइमा जोड दिएको छ । यसका साथै हरेक पक्षमा महिलालाई स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहूँचमा जोड दिन्छ । वर्तमान सामाजिक संरचनामा नै बसेर महिला मुक्तिको संभावना यस व्याख्याले देख्दछ । समष्टिमा भन्नुपर्दा यो व्याख्या सुधारात्मक छ (रिटजर, १९९६) ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलामा प्रजनन अधिकार, समान शिक्षा, समान काममा ज्याला, समान घरायसी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनीतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलावादीहरूले महिलाको अवस्था सुधार गर्न कानूनी र सांस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (मेहता, १९९६) ।

### ख) मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति "ओरिजिन अफ दी फ्यामिली, प्राइभेट प्रोपटी एण्ड दी स्टेट" (१८८४) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक त्तवहरू र विश्लेषणका तरिकाहरूको उल्लेद गरिएको छ । यस महिलावादको मार्क्सवादी धरातलमा टेकेर मार्क्सलाई आलोचना गर्दै मार्क्सकै धारमा बसेर विश्लेषण गर्दछ । समाजको इतिहास भनेको नै वर्ग सङ्घर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग-वर्ग बीच मात्र सङ्घर्ष नभएर शोषित र शोषण गर्ने समूहबीच मात्र संघर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण

गर्न सकिएमा महिला माथिको दमन, विभेद, असमानता हटाउन सकिन्छ भन्ने कुरामा जोड दिएको छ (मोस्से, १९९३) ।

मार्क्सवादीहरू महिला र पुरुष बीचको सम्बन्ध बैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरूमाथि रहेका सामाजिक आर्थिक तथा सांस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्तिमाथिको पहुँच बढी मजबुद पार्नुपर्ने तथ्यलाई जोड दिन्छन् । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरुरी छ त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक ठान्दछन् । समाजको पूँजीवादी ढाँचामा पिरिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई कमवेतनमा कमसल काम लगाएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यको रूपमा गणना गरिएको छैन । मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमुल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छन, तर पनि उनीहरू वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रिजटर, १९९६) ।

### ग) आमूल महिलावाद/क्रान्तिकारी महिलावाद

आमूल महिलावादले बच्चा जन्माउने वैकल्पिक बैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिंदै परम्पराबाटै रहँदै आएका पारिवारिक स्वरूपलाई  चुनौती दिन खोजेका छन् । महिला मुक्तिका लागि क्रान्तिकारी सोच र संरचनागत परिवर्तनमा यसले जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरूको शोषण भएको छ यसका कारक त्तव खोज्दै जनचेतना जगाउने, पुरुषसँग निर्भरता घटाउने, महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्ने, महिलाको नेतृत्वमा रहेर कार्यक्रम सञ्चालन गर्ने, घरायसी झन्झटपूर्ण कार्यबाट छुटकारा दिलाउने सवालमा जोड दिन्छ । यसरी आमूल महिलावादीहरूले पितृसत्तालाई महिला विकासको बाधक मान्दछन् । महिला विरुद्धका जतिपनि हिंसाजन्य घटनाहरू घट्दछन् त्यसको कारण पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछन् भन्दै महिलाको छुट्टै संसारको कल्पना गर्दछन् (रिटजर, १९९६ : ४६३)

आमूल महिलावादको सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ। यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो। यसले समाजका प्रत्येक जात, वर्ग, संरचना, संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ताअन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरूको रहेको छ। यिनीहरूको अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो। जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस्तै अनुरूप सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्छ। आमूल महिलावादी सम्प्रदायले विश्वव्यापी रूपमा रहेको पितृसत्तात्मक परिवारमा सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरूबाट हुने प्रत्येक विभेद, असमानता, दमन, हिंसा, आदि पक्षलाई व्यापक रूपमा उठाएको छ (भासिन, २००३)।

### घ) समाजवादी महिलावाद

समाजवादी महिलावादलाई मार्क्सवादी तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिएको संश्लेषणको रूपमा लिइन्छ। जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ। मार्क्सवाद अन्तर्गतको वर्ग, दमन र आमूल नारीवाद अन्तर्गत लैङ्गिक उत्पीडन/दमनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नुपरेको अधीनता विभिन्न ठाउँ तथा परिवेशमा के कति समान वा असमान छ भन्ने मापन गर्न चाहन्छ। यसलाई महिलावादीहरू महिलाको दमन र पूँजीवादी पितृसत्ताका नाममा संकेत गरेको पाइन्छ। वास्तवमा समाजवादी नारीवादले वर्ग एवम् लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकी समाजमा दमनका विभिन्न स्वरूपहरू विभिन्न वर्गमा फरक-फरक ढङ्गबाट अन्तर्निहित भएर रहेका हुन्छन्। त्यसैले समाजमा विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग यौनिक रुचि विश्वव्यापी एवम् शाब्दीय तहको स्थिति आदिका आधारमा व्याख्या एवम् विश्लेषण गरिनुपर्छ भन्ने कुरालाई समाजवादी महिलाहरू जोड दिन्छन् (रीटजर, १९९६ : ४६७)।

यस समाजवादी महिलावाद सम्प्रदायले समाजमा रहेका सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ र सबै प्रकारका दमन र अत्याचारका विरुद्धका संघर्षलाई जोड दिन्छ, जसमा बुर्जुवा परिवारको पुनसंरचना गरी घरायसी दासताबाट महिलाको मुक्तिलाई निकै महत्वका

साथ उठाइएको छ । यिनीहरूले सबै प्रकारका विभेदको अन्त्यका लागि राज्य नियन्त्रित राजनैतिक अर्थव्यवस्थाको आवश्यकता ठान्दछन् तर काममा व्यक्तिगत स्वतन्त्रतालाई पनि त्यतिकै जोड दिएको छ । अर्कोतिर समाजवादी महिलावादी सम्प्रदायले उत्पादन व्यवस्थाको पुनसंरचनाबाट सामाजिक समानता कायम गर्न सकिने धारणा राख्दछ । समाजवादी महिलावादले सामाजिक दमन र लैङ्गिक दमन सार्थ वर्ग दमनलाई दमनको खोज गर्ने आधारका रूपमा लिई महिलामाथि हुने गरेका विभिन्नताहरूलाई पूँजीवादी पितृसत्ताले भन्दा बढी राम्रो संग चरितार्थ गरेको छ । दमित महिलाको अर्को महिलालाई दमन गर्न पुग्दछन् भन्ने कुरामा पनि जोड दिन्छन् (वोउवार, २०६०) ।

समाजवादी नारीवादको सम्बन्ध वा सरोकारको विषय नारी एवम् पुरुष दुवैद्वारा गरिएको सबै प्रकारको उत्पीडनको अनुभवसँग देखिन्छ । यिनीहरूको एउटी नारी जो स्वयम् उत्पीडीत भएको छन् अर्को नारीको उत्पीडन कस्तो प्रकारले भागीदार हुन्छिन् भन्ने कुरा जान्ने प्रयास गर्छन् । उदाहरणका लागि कसरी एउटी नारी जो दाइजोको कारणले उत्पीडित हुदै सासूको अवस्थामा आइपुग्दा कुन प्रकारले आफ्नी बुहारीलाई दाइजो ल्याउनका लागि वा नल्याएको कारण देखाउँदै उत्पीडित गर्नमा सहयोग गर्दछिन ? यसरी समाजवादी नारीवादका पक्षधरहरूले कसरी नारीहरूले आफू दमित एवम् उत्पीडित भइसकेको हुँदाहुँदै पनि अन्य नारीहरूमाथि दमन एवम् उत्पीडित गर्छन् भन्ने तथ्यको खोजी गर्दछन् । अत : समाजवादी नारीवाद् स्त्रीहरूका प्रति पाइने वा देखिने पूर्वाग्रहहरू र दमनकारी रीतिरिवाज एवम् प्रथाहरूसँग मुकाबिला गर्ने पक्षका देखिन्छन् (थापा, १९८५)

यस प्रकारको समाजवादी महिलावादले समाजमा पाइने विस्तृत स्तरको प्रभुत्व वा आधिपत्यको अध्ययन गर्दछ र त्यसमा निहित रहेका उत्पीडित एवम् दमित व्यक्तिहरूको अनुभवलाई खोज्दछ । समाजवादी नारीवादीले ठूला साना सबै प्रकारका उत्पीडित एवम् दमित समूहलाई शोषणबाट मुक्ति दिलाउनमा रुचि राखेको देखिन्छ । यिनीहरूले दमनका विभिन्न रूपहरूको विरुद्धमा आन्दोलन हुनुपर्दछ भन्ने मान्यता राखेको देखिन्छ । समाजमा नारी र पुरुषको समान भूमिका हुनुपर्छ । अतः नारी र पुरुषको सहमतिद्वारा नै नयाँ समाजको सिर्जना गर्न सकिन्छ, नारीहरूसँग सहमतिद्वारा नै विभिन्न वर्गहरूको अन्त्य हुन सक्दछ । यस वादले पितृसत्ता र यसका कार्यहरूको विश्लेषण गर्दछ । पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो र यो नीजि स्वामित्वको उत्पत्ति हुनुभन्दा पहिले नै अस्तित्वमा

आएको हो । निजी सम्पत्तिको अन्त्यसँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैनन् तर महिला विकास एवम् सशक्तिकरणमा बाधक त्तवका रूपमा पितृसत्तात्मक संरचनाले विशेष भूमिका खेलेको मान्दछन् जसलाई महिलामाथिका दमनका विभिन्न रूपहरू जस्तै वर्ग, जाति, महिलाद्वारा महिलामाथि हुने दमनका बारेमा व्याख्या गर्न नसकेको भन्ने आरोपबाट भने समाजवादी महिलावादीहरू बच्च भने सकेका छैनन् (भण्डारी, २०६० : १७९) ।

नारीवादी सिद्धान्तमा महिला विविधता तथा भिन्नताका सवालहरूलाई सन् १९८० को दशकमा आएको उत्तरआधुनिक धारले अर्को ढङ्गले पनि अघि बढ्यो । उत्तर आधुनिकतावादी दृष्टि अपनाउन र नारीवादमा लागु गर्नमा उनीहरू यो वैचारिक प्रवृत्तिहरूबाट विशेष प्रभावित थिए । डेरिडाको विनिर्माण सिद्धान्त, वार्थको सङ्केतविज्ञान विश्लेषण फुकोको ज्ञानको छलफल खाकाको विश्लेषण तथा लियोटार्डको आधुनिकतावाद विभिन्न वर्ग, वर्ण तथा संस्कृतिको महिलाहरूका विविध अनुभवहरू तथा वास्तविकताहरू भएका अवस्थामा पितृसत्ता मात्र होइन कि "नारीवाद" तथा महिला भन्ने अवधारणासमेत नै विविधतालाई दबाउने अवधारणाहरूको रूपमा निर्माण भएका छन् भन्ने उनीहरूको विश्लेषण छ । विशेष गरी इतिहासका विभिन्न कालखण्डमा र विभिन्न सभ्यता तथा साँस्कृतिक परिवेशमा निर्मित नारीत्व तथा पुरुषसम्बन्धी छलफलको खाकाहरूका त्तवहरू केलाएर विविधतालाई दवाउने "महिला" भन्ने अवधारणालाई कसरी र के बाट निर्मित भएको छ भन्ने कुरा व्याख्या गर्न खोजेका छन् (तामाङ, २००४) ।

यसरी विभिन्न नारीवादी सिद्धान्तहरूले नारीवादी चिन्तनको विविधतालाई प्रष्ट देखाउँछन् । महिलाहरू शोषित छन् र दृढताका साथ त्यस शोषणलाई समाप्त गर्नुपर्दछ भन्ने कुरामा मात्रै नारीवादको सहमति छ भने पनि हुन्छ । नारीवादको ऐतिहासिक विकासमा तीनओटा साझा त्तवहरूलाई ध्यान दिनु जरुरी छ । एक, उदार नारीवाद देखि मार्क्सवादी नारीवाद हुँदै उत्तर आधुनिक नारीवादसम्मका विचारहरू सामान्यतया पश्चिमी बौद्धिक क्षेत्रमा निर्मित सिद्धान्तहरूलाई महिला सवालहरूमा लागू गर्ने क्रममा नारीवादी सिद्धान्तहरू सिर्जना भएको देखिन्छ । दुई नारी आन्दोलनलाई निर्णायक ऐतिहासिक रूपान्तरणका क्षणहरूमा र अन्य सवालहरूमा केन्द्रित आन्दोलनहरूका बीचबाट जन्मिने प्रकृति देखिन्छ । तीन समग्रमा भन्दा

नारीवादी सिद्धान्तहरूले खास वर्ग र कहिले खास जातिका महिलाहरूको स्वार्थहरू र दृष्टिकोणलाई अभिव्यक्त गरेका छन् (तामाङ, २००४) ।

## २.२.५ लैङ्गिक विकासका रणनीतिहरू

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्था रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासका लागि अगाडि बढाइएको विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि आशात्ति सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्धाको रूपमा लिइएको छ । लैङगिक विषयलाई जोड दिदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पतिका अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य भूमिकाका बारेमा पनि लैङ्गिक विकासम जोड दिएको छ । सामाजिक लिङ्गलाई विकासका मुद्धाका रूपमा प्रतिस्थापित गर्ने कार्य तथा यसको आवश्यकताको बोधको सन्दर्भलाई हेर्दा सन १९५० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्ने हुन्छ (एफ.डब्लु.एल.डी. २०५८) ।

## २.२.६ विकासमा महिला अवधारणा (वीड)

सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको खरो योगदानलाई अस्वीकार गरे पनि ७० को दशक सँगै विकास प्रक्रियामा महिलाको समानपातिक सहभागिता र विकास हुनुपर्ने दरो आवाज उठ्यो । सन् १९७० मा अमेरिकामा सोसोओलोजी फर इन्टरनल डेभलपमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ बुलन्द गर्‍यो र सन् १९७० मै इस्टर वोसखको “आर्थिक विकासमा महिलाको भूमिका” नामक पुस्तक प्रकाशित भएपछि मात्र महिलाको भूमिकालाई मूल्याङ्कन गर्न प्रेरित गर्‍यो। खासगरी १९५० पछाडि आधुनिकीकरणको सिद्धान्तले विकासका नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाइएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (मोस्से, १९९३) ।

बिकासका महिला अवधारणा अनुसार महिलाको भूमिकालाई यथोचित स्थान दिनका लागि उनीहरूलाई पुनः उत्पादन क्षेत्रबाट निकाली उत्पादन क्षेत्रमा समावेश गर्नुपर्छ । उत्पादन क्षेत्र भनेका बजार, श्रमशक्ति, आम्दानी सिर्जनाका क्षेत्र हुन् । यस्ता क्षेत्रमा महिला सहभागितालाई उच्च प्राथमिकता दिँदै उत्पादन र पुर्नउत्पादनका सम्बन्धमा देखिएको विभाजनलाई हटाउनु यसको अवधारणात्मक पक्ष हो । महिलालाई विकासको मूल प्रभावहरूमा ल्याउन निम्न पक्षमा जोड दिनुपर्ने मान्यता राख्दछ । कानूनी समानता, रोजगारीमा पहुँच, शिक्षा र स्वास्थ्यमा अवसर, सम्पतिमा पहुँच महिलालाई सहयोग गर्ने उपयुक्त प्रविधि आदि । यसरी वीड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्याङ्कन गर्दै घरायसी क्षेत्रबाट उत्पादन क्षेत्रमा जान प्रेरित गरेको पाइन्छ । (एफ.डब्लु.एल.डी. २०५८) ।

## २.२.७ महिला र विकास अवधारण (वाड)

विकासमा महिला अवधारणाले. महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १९७० को उत्तरार्धमा महिला र विकास नामक अवधारणा देखा पऱ्यो । आधुनिकीकरणको सिद्धान्तअनुसार सञ्चालित विकासको रणनितिले अविकसित मुलुकमा नकरात्मक असर पऱ्यो । यस सिद्धान्तले धनी र गरिब राष्ट्रबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरेजस्तै यसैलाई आधार मानी वाड अवधारणाले समाजमा पुरुष र महिलाबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारणा साऱ्यो । महिला र पुरुषबीच असमान सम्बन्ध रहेको हुँदा महिला र पुरुषको बीचमा शोषित र शोषक, पीडित र पीडकको सम्बन्ध कायम रहेको छ । जाति, वर्ग, स्थान र समाज अनुसार सम्बन्ध पनि फरक रहेको छ (श्रेष्ठ, २०६२) ।

विकास प्रक्रियामा महिलाहर सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण महिला अधीनस्थल अर्थात निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू, बालाविवाह, कुटपिट, यौन शोषण, यौन दुराचार, बेचविखन, भेदभाव, दासप्रथा, सतीप्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शारीरिक तथा मानसिक प्रभाव पारिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग

गर्न बाधा पुऱ्याएका छन् । त्यसैले महिला विरुद्धको सबैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमका भूमिकाको पहिचान गरिनुपर्दछ । सम्पतिमा महिलाको पहुँच हुनुपर्ने, सम्पतिको पूर्ववितरण हुनुपर्ने जोड यस अवधारणाले दिएको छ (गुडे, १९९४) ।

## २.२.८ जेन्डर र विकास अवधारणा (ग्याड)

वीड र वाड अवधारणाले महिलाको अवस्थालाई सुधार र वास्तविक विकास गर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दीगो विकास नभएकाले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढङ्गले समाहित गर्न सकेमा मात्र दिगो विकास हुन्छ भन्ने अवधारणा देखा पऱ्यो । यो ग्याडको अवधारणा हो जुन सन् १९८० को दशकमा उत्पति हुन पुग्यो । यो समाजवादी महिलावादबाट प्रभावित उपागम हो । यसले महिला र पुरुषको सम्बन्धलाई सर्वाङ्गीण पक्षबाट विश्लेषण गर्दछ । महिला तथा पुरुषको समतामूलक विकासका लागि यो अवधारणा अन्य अवधारणा भन्दा बढी व्यवहारिक, सान्दर्भिक, चर्चित र शाश्वत रहेको छ (एफ.डब्लु.एल.डी., २०५८) ।

समाजमा महिला र पुरुषको विद्यमान शक्ति सम्बन्ध असमान रहेको र पितृसत्ताका कारण महिला र पुरुषबीच सुमधुर सम्बन्ध नभएकोले सामाजिक असन्तुलन देखिएको हो । त्यसैले महिला र पुरुष कसैप्रति पनि पक्षपात र पूर्वाग्रहपूर्ण विचार दृष्टिलाई अस्वीकार गरी निम्न असमान अवस्थामा रहेका महिला वा पुरुष जो कोहीलाई समानताको स्थितिमा पुऱ्याउनु पर्दछ । महिला र पुरुषले पारिवारिक वा सामुदायिक दुवै क्षेत्रका तनाव, समस्या र अवसरहरूलाई समान रूपले वितरण गर्नुपर्दछ । महिला र पुरुषको समन्वय, सहअस्तित्व र समझदारीमा लैङ्गिक समतामूलक समाजको निर्माण गर्नुपर्ने कुरालाई जोड दिन्छ । समग्रमा महिलाको उत्पादन, पुर्नउत्पादन, सामाजिक, सांस्कृतिक, राजनीतिक जस्ता पक्षमा सहभागिता गराउँदै महिलालाई पारिवारिक क्षेत्रबाट माथि उठाएर, सामाजिक क्षेत्रमा सरिक, कानूनी सुधार, बंशगत मान्यता, प्रभावकारी महिला संगठनको गठन गर्नमा र दिगो समतामूलक, सहभागितामूलक विकासलाई यस उपागमले जोड दिएको (उप्रेती, १९८९) ।

### २.२.९ महिला अधिकारको ऐतिहासिक पृष्ठभूमि र अन्तर्राष्ट्रिय प्रयास

मानव अधिकार अवधारणाभित्र महिला हक अधिकारको विषय पनि समाहित भएकाले मानव अधिकारको अवधारणको विकास सँगसगै महिला हक, अधिकारको पनि विकास भएको मान्न सकिने भए तापनि महिला अधिकारको विषयमा संस्थागत प्रयास २० औं शताब्दीको प्रारम्भ सम्म हुन सकेको पाइँदैन । २० औं शताब्दीमा आएर मात्र पुरुषसरह महिलाले पनि आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिकलगायतका राष्ट्रिय जीवनका समग्र क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनुपर्छ भनी औपचारिक रूपमा महिला अधिकारको सम्बन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्र संघ स्थापना हुँदा तयार भएको वडापत्रमा अन्तर्राष्ट्रिय समुदायबाट महिला र पुरुषबीच समानता एवम् मानव अधिकारप्रति सम्मान कायम हुनुपर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले अझ सशक्त तुल्यायो (अधिकारी, २०५६) ।

महिला वर्गको सामाजिक, आर्थिक एवं राजनीतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्रसंघले महिलाको स्थिति सम्बन्धी आयोगको गठन गऱ्यो । शताब्दीयौं देखि विद्यमान महिला र पुरुष कामदारको बीचको असमान ज्यालासम्बन्धी प्रथा हटाउने उद्देश्य सन् १९५१ मा समान ज्याला सम्बन्धी महासन्धि १९५१ अर्न्तराष्ट्रिय श्रम संगठनद्धारा पारित भयो । त्यस्तै सन् १९५२ मा महिलाले मत दिन पाउने राजनैतिक अधिकार सम्बन्धी यू.एन.ओ बाट पारित भयो । महिलाको नागरिकताको अधिकार सम्बन्धी महासन्धि, १९५७ पनि जारी गरियो । सन् १९६० मा महिलामाथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मुलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय श्रमसंगठनद्वारा पेसा र रोजगारीको भेदभाव उन्मुलनसम्बन्धी महासन्धि पारित गरियो । यसको दईवर्षपछि सन् १९६२ मा विवाह, विवाहका लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो (उप्रेती, १९८९) ।

महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने सम्बन्धमा सन् १९६७ मा अर्न्तराष्ट्रिय सहमति कायम भयो । महिलाको उत्थान र विकास सम्बन्धमा जोड दिँदै सन् १९७५ मा यू.एन.ओ. ले सन् १९७५ लाई अर्न्तराष्ट्रिय  महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो ।यसैको परिणाम स्वरूप सन् १९७५ मा पहिलोपल्ट मेक्सिकोमा अर्न्तराष्ट्रिय महिला सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनको समानता, विकास र शान्तिलाई मूल नाराको

रूपमा पारित गर्दै सन् १९७५ देखि १९८५ को  दशकलाई अर्न्तराष्ट्रिय महिला दशक मनाउने निर्णयसमेत गऱ्यो (महिलाको कानूनी स्थिति, २०५९) ।

संयक्त राष्ट्र संघको महासभाद्धारा महिला विरुद्धका सबै भेदभाव निर्मूल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति भएको १२ वर्षपछाडि सन् १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि पारित भयो । प्रथम पटक अर्न्तराष्ट्रिय महिला दशक मनाउने निर्णय गरिएको सन् १९७६-१९८५ को मध्यावधि समीक्षा गर्ने उद्देश्यले सन् १९८० मा डेनमार्कको कोपेन हेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजन गरियो । महिलाका लागि शिक्षा, स्वास्थ्य र रोजगारी भन्ने नारासहित विकासमा महिलाको सहभागितको निम्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र सो अवसरबाट प्राप्त लाभ पनि महिलाले नै पाउनुपर्ने कुरालाई जोड दिइएको थियो । साथै कानून समानताको कुरालाई पनि उठाइएको थियो र यसैगरी प्रत्येक तहमा हुने दमन शोषण र विभेदका कारक त्तव खोज्ने प्रयत्न सो सम्मेलनले गऱ्यो (चौलागाई, २०६०) ।

सन् १९८५ मा नैरावीमा तेस्रो विश्व महिला सम्मेलनको आयोजना गरियो जसमा महिला समानता, विकास र शान्ति जस्ता महिला दशकका लागि तोकिएका उद्देश्यहरू उपर पुनरावलोकन तथा मूल्याङ्कन गरिएको थियो । यस सम्मेलनमा १५७ देशले भाग लिएका थिए भने यस सम्मेलनले महिला विकासका लागि अपनाएका रणनीतिहरू निम्न थिए । समानता, विकास, शान्ति, विशेष सरोकारका विषयहरू, अन्तर्राष्ट्रिय क्षेत्रीय सहयोग। यसैगरी नैरावी सम्मेलनले पारित गरेका निर्णयहरूमा महिलाहरूलाई रोजगारीको अवसरमा सम्बर्द्धन महिलाहरूलाई पुरुष सरह शिक्षा, कानूनी भेदभाव हटाउने र महिलाहरूको स्वास्थ्यको अवस्थामा सुधार गर्ने रहेको थियो (माईत्रा, १९९३) ।

विकासका निमित्त सामाजिक, राजनीतिक, आर्थिक लगायतका सम्पूर्ण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउँदै महिला सशक्तिकरणको अभियान प्रारम्भ गर्नुपर्ने कुरामा जोड दिँदै सन् १९९४ मा इजिप्टको कायरोमा जनसंख्या र विकास कामसम्बन्धी अन्तराष्ट्रिय सम्मेलनको आयोजना भयो । महिला अधिकार सम्बन्धी पछिल्लो महत्वपूर्ण अभियानको रूपमा सन् १९९५ मा वेइजिङ्मा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो । यो विश्व सम्मेलनमा पहिलेको तीन विश्व सम्मेलन लगायत अन्य राष्ट्रसंघीय घोषणापत्र र महासन्धिहरूलाई पुनरावलोकन गरियो भने यस सम्मेलनले मुख्य गरेर वेइजिङ् घोषणापत्र,

बेइजिङ् कार्यमञ्च, नाजुक सरोकारका क्षेत्रहरू र रणनीतिक लक्ष्य/कार्यहरू जस्ता दस्तावेजहरू तयार तयार पारेको थियो (अर्याल, २०६२) ।

## २.२.१० महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि

सम्पूर्ण मानव मात्रको मानव अधिकार स्थापनाको लागि महत्वपूर्ण कार्य भैसकेको भए तापनि विद्यमान मानव अधिकार सम्बन्धी दस्तावेजहरू विशेष रूपमा समीक्षात्मक रूपबाट महिलाको मात्रै समस्या पहिचान र परिलक्षित गर्न पर्याप्त नभएको तथ्यलाई हृदयङ्गम गर्दै महिलाका सरोकारका विषयलाई केन्द्रीकृत गरेर एउटा छुट्टै विशेष महासन्धिको आवश्यक महसुस भई प्रस्तुत महासन्धि यू.एन.ओ. को ऐतिहासिक महिला दशकको मध्यतिर सन् १९७९ मा पारित भएको थियो । महिलाको राजनीतिक, नागरिक, सामाजिक तथा आर्थिक अधिकार समेटेर अस्तिवमा आएको प्रस्तुत महासन्धि लैङ्गिक समता र समानताका लागि महत्वपूर्ण कोशेढुङ्गा सावित भएको छ (अर्याल, २०६२) ।

लैङ्गिक भूमिका र पारिवारिक सम्बन्धलाई निर्माण गर्ने संस्कृति र परम्पराको महत्वलाई विश्लेषण गर्ने महासन्धि मानव अधिकार सम्बन्धी मुख्य अवधारणा हो । जसले महिलाको अधिकारलाई सार्वजानिक र नीजि क्षेत्रमा स्वीकार गर्नुका साथै नागरिकता, सम्पति तथा प्रजनन अधिकारलाई समेत निश्चित्ता प्रदान गरेको छ । समाजमा रहेका विभेदपूर्ण संरचनात्मक अवरोध हटाउनुपर्छ भनी औल्याएको छ (अधिकारी, २०५७) ।

सी.ई.डी.ए.डब्लु.मा जम्मा छ भाग र तीस धाराहरू रहेका छन् जसअन्र्तगत धारा तीनमा पुरुषले जस्तै महिलाहरू पनि मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको उपयोग गर्न पाउन सक्ने उद्देश्यका लागि महिलाको पूर्ण विकास र प्रगतिका लागि राष्ट्रहरूले सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकतामा जोड दिन्छ भनी उल्लेख गरिएको छ । त्यस्तैगरी धारा ५ मा महिलाको रुढीवादी र परम्परागत भूमिका वा लिङ्गका आधारमा उत्कृष्टता वा निष्कृष्टता प्रवर्द्धनमा जोड दिने सामाजिक, सांस्कृतिक पद्धतिलाई राष्ट्रहरूले सम्बोधन गरी परिवर्तन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । धारा १४ ले सबै राष्ट्रलाई विशेष गरी दुर्गम क्षेत्रमा महिलाहरूको सेवा, तालिम, रोजगारीका अवसरहरू र सामाजिक समानताका योजनाहरूमा पहुँच सम्बन्धी आवश्यकता पूरा गर्न लगाउँछन् । धारा १६ मा पारिवारिक सम्बन्धहरू अन्तर्गत राष्ट्रहरूले महिला र पुरुषलाई पतिपत्नी रोज्नु वा विवाह गर्न समान

अधिकार सुनिश्चित्ता प्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ (नेपालमा महिलाहरूको कानूनी स्थिति, २०५९) ।

## २.२.११ लैङ्गिक समानताप्रति नेपालको प्रयास

लैङ्गिक समानता कायम गर्ने सम्बन्धमा नेपालमा राज्यको तर्फबाट प्राचीन मध्य कालमा औपचारिक कुनै पनि संहिताबद्ध कानूनको तर्जुमा भएको पाइँदैन । आधुनिक कालमा पहिलो औपचारिक संहिताबद्ध कानूनको रूपमा वि.सं. १९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखतको रूपमा जारी भएको नेपाल सरकार बैधानिक कानून, २००४ ले सीमित मात्रामा भए तापनि आधारभूत मौलिक हक प्रदान गऱ्यो । त्यसपछि जारी भएका वैयक्तिक स्वतन्त्रतासम्बन्धी ऐत २००६, अन्तरिम शासन विद्यान २००७, बन्दी प्रत्यक्षीकरण सम्बन्धी ऐन २००८ र नागरिक अधिकार ऐन १०१२ जस्ता केही महत्वपूर्ण कानूनद्धारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१९ र नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा लिङ्गको आधारमा भेदभाव नगरिने प्रत्याभूति र बालिक मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानूनी संरक्षण दिने महत्वपूर्ण प्रयास भएको पाइन्छ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता प्रथालाई रोक लगायो । वि.सं. २०५९ मा भएको एघारौँ संशोधनले पैतृक सम्पतिको समान अधिकारको व्यवस्था गरेको छ । त्यसैगरी महिलाको अधिकारलाई सुनिश्चित गर्न विकासको मूल प्रवाहमा समावेश गरी समानतामूलक समाजको निर्माण गर्न छैटौं योजनादेखि नै राष्ट्रिय विकासको अभियानमा महिलाको भूमिकालाई अपरिहार्य ठानी उनीहरूका लागि रोजगारीको सृजना, क्षमता, विकास, आय आर्जन जस्ता कार्यक्रमहरू समावेश गरी कार्यान्वयनमा ल्याइयो । सातौं योजनामा ग्रामीण महिलाहरूका लागि उत्पादन कर्जा र साना विकास परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्थानीय विकास मन्त्रालयअन्तर्गत महिला विकास शाखा स्थापना गरी दिर्घकालीन महिला विकास कार्ययोजना तयार गरी लागू गरियो (मुलुकी ऐन, २०२०) ।

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् प्रजातन्त्र पुनस्थापनापछिका दशकमा सरकारले आठौं योजना अवधिदेखि नै लैङ्गिक मूल प्रवहीकरणको नीतिलाई अवलम्बन गरी महिलासम्बन्धी विषय हेर्ने छुट्टै मन्त्रालय, महिला विकास निर्माण, महिला विकास महाशाखा जस्ता संरचनात्मक सुधारका प्रयासहरू भए। नवौं योजनाले राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा महिलाको पहँच बढाउन कानून सुधारका प्रयासहरू गर्ने नीति अवलम्बन गरे अनुरूप महिला सशक्तिकरणमा बाधक बन्ने कानूनी व्यवस्थालाई सुधार र संशोधन गर्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ । दशौं योजनामा समेत नेपाल सरकारले महिला सशक्तिकरण र लैङ्गिक मूल प्रभावीकरणको नीतिलाई विभिन्न कार्यक्रमहरूमार्फत लागु गराई लैङ्गिक समानता कायम गर्ने उद्देश्य राखेको छ । साथै वर्तमान राष्ट्रिय महिला आयोगको गठनलाई पनि नेपाल सरकारले महिला सशक्तिकरणको पक्षमा चालेको ठोस कदमको रूपमा लिन सकिन्छ (रा.यो.आ., २०५९) ।

वि.सं. ०६२/२०६३ को बृहत जनसहभागितामा भएको आन्दोलनबाट नेपालको राजनीतिमा युगान्तकारी परिवर्तन भएको छ । देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्ने राज्यको अग्रगामी पुर्नसंरचना गर्नका लागि संविधान सभाबाट नयाँ सविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट नेपालको अन्तरिक संविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको छ । जसमा विभिन्न धाराहरूमा महिलासम्बन्धी कानून बनाइएको छ । जस्तै धारा १३ मा "समानताको हक" अन्तर्गत सबै नागरिक कानूनको दृष्टिमा समान हुन्छन् । राज्यले लिङ्गका आधारम भेदभाव गर्ने छैन । समान कामका लागि महिला र पुरुषबीचका पारिश्रमिक तथा सामाजिक सुधारमा भेदभाव गरिने छैन भनिएको छ । धारा २० मा "महिला हक" अन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिनेछनै। प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ । कुनैपनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ र पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ भनिएको छ । धारा २१ मा "सामाजिक न्यायको हक" मा महिलालाई समानुपातिक समावेश सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक रहेको छ भने धारा २९ मा "शोषण विरुद्धको हक" मा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि

किसिमकोले कसैलाई शोषण गर्न पाइने छैन भनिएको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपाली समाजको रूपान्तरण प्रक्रियामा ध्यान दिनुपर्ने पक्षहरूमध्ये लैङ्गिक विभेद एक प्रमुख पक्ष हो । महिला विभेद हटाउन राष्ट्रिय र अन्तराष्ट्रिय स्तरबाट सरकारी एवम् गैरसरकारी निकाय तथा बैदेशिक संघसंस्थाहरूमार्फत महत्वपूर्ण प्रयासहरू भएका छन् । महिला जागृति अभियान, महिलाहरूको हकहितविरुद्धका नीति-नियम तथा कानूनहरूको खारेजी, महिला अधिकार र महिला सम्बन्धी विकासका लागि तर्जुमा भएका नियम, कानुन तथा राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धता, शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाको सुनिश्चित्ता, सम्पतिसम्बन्धी अधिकारको सुनिश्चित्ता जस्ता प्रतिवद्धतालाई लैङ्गिक समानता र विकासका उपलब्धि मान्न सकिन्छ (महिलाको कानूनी स्थिति, २०५९) ।

विगतका प्रयासहरूका बाबजुद पनि पितृसत्तात्मक सामाजिक संस्कारले लैङ्गिक समस्या मुलुकको एक गम्भीर समस्याका रूपमा खडा छ । संसारले एक्काइसौं शताब्दीमा कोल्टे फेरिसक्दा पनि हाम्रो देशमा दाइजो प्रथा सामाजिक कुरीति समस्याको रूपमा देखा परेको छ । छोरा र छोरीमा गरिने फरक सामाजिकीकरण र भेदभाव लैङ्गिक असमानता विद्यमान रहेको छ । समाजमा पितृसत्ताका विभिन्न प्रथा, परम्परा र अन्धविश्वासले जरा गाडेको छ । त्यसैले परिणाम स्वरूप हिन्दू ब्राह्मण समाज दाइजो प्रथाबाट अछुतो रहन सकेन । त्यसैले दाइजो प्रथा र यसको संवेदनशीलतालाई बुझी उचित अध्ययन अनुसन्धान गर्ने सोच बनाईएको त । जसका कारण आधार स्तम्भका रूपमा सैद्धान्तिक समीक्षा र साहित्यिक पुनरावलोकनलाई लिइएको छ ।

## २.३ पूर्व अध्ययनको समिक्षा

नेपाली महिलाको सामाजिक साँस्कृतिक स्थिति नाजुक रहेको छ । परम्परादेखि नै पितृसत्तात्मक मुल्यमान्यता र हिन्दु धार्मिक दर्शनबाट नेपाली समाज बढी प्रभावित भएकाले सामाजिक, साँस्कृतिक इकाइ, मुल्य-मान्यता अभ्यास, दृष्टिकोण, सम्बन्ध, चलन, आदर्श लगायत व्यवहारमा महिलाको हैसियत निम्न रहेको छ । नेपाली समाजमा महिला र पुरुषको काम, कर्तव्य वा स्थिति अधिकार, जिम्मेवारी फरक फरक ढंगले चित्रण गरेको छ । छोराछोरी बीचको कार्यलाई सामाजिक प्रक्रियाको उपजको रुपमा व्याख्या गरिएको छ ।

समाजमा हरेक तहमा पितृसत्ताको संस्थागत प्रभाव परेको हुनाले मानवले गरेका कार्यहरूलाई पनी प्राकृतिक देनको रुपमा स्वीकार गरिएको छ । शिक्षाको अभावले गर्दा सामाजिक तथा साँस्कृतिक अभ्यासको सकरात्मक तथा नकरात्मक प्रभावलाई विवेकशील आँखाले विश्लेषण गर्न सकिएको छैन र व्यवहारिक जीवनमा अवलम्बन गर्न सकिएको छैन (अर्याल, २०६२) ।

नेपालको इतिहासमा महिलाको स्थितिमा निरन्तर रुपमा परिवर्तन आइरहेको छ । १९९० सालको सुरुवातमा अरु एसियाली मुलुकमा जस्तैः नेपालमा पनि महिलाहरू जीवनको हरेक कुरामा पुरुषमा निर्भर हुनुपर्थ्यो साथै महिलाहरू पुरुषको अधिनमा बस्नु पर्दथ्यो । त्यतिबेला नेपाल एउटा पुरुष प्रधान देश थियो । अहिलेको अवस्थामा पनि यो कुरामा त्यति परिवर्तन आएको पाइदैन तर पनि एक समुदाय वा समाजबाट अर्को समुदाय वा समाजमा महिलाको अवस्थामा फरक फरक देख्न पाइन्छ । कुनै समुदायमा महिला अझै पनी पहिले झैं पुरुषको अधिनमा बस्नु परेको छ भने समयको परिवर्तन अनुसार कुनै समुदाय वा समाजमा महिलाको अवस्थामा धेरै सुधार भएको पाइन्छ (The Global Gender Gap Report, 2013) ।

२१ औं शताब्दीमा आइपुग्दा सम्म पनि नेपालमा विवाहमा दाइजो दिनुपर्ने धारणा अझै पनि यथावत् नै छ । दाइजो प्रथालाई नेपालबाट पूर्ण रुपले बहिस्कार गरिसकेको हुँदा पनि अहिलेको समाजमा दाइजो सम्बन्धी हुने द्वन्द मुख्य रुपमा देखा परेको छ । हाम्रो समाजमा बुहारीले दाइजो लिएर आउँदा उसलाई घरमा माया गर्ने, मानसम्मान दिने गरिन्छ भने दाइजो नल्याएको अवस्थामा त्यही बुहारीलाई हेला गर्ने, विभिन्न शारीरिक तथा मानसिक यातना तथा तनाब दिने चलन अझै पनि रहेको पाइन्छ (http://southasia.one world net)।

परम्परादेखि नै महिलाले अनिवार्य विवाह गर्नुपर्ने नियमित रही आएको छ । आज पनि अधिकांश महिलाहरू यात विवाहित छन् या कुनै बेला थिए । पुनः विवाहको योजना बनाइरहेको छन् भन्ने सामाजिक रुपमा विवाह नै त्यस्तो संस्था हो जसले महिलालाई बस्तुको रुपमा दान गरिन्थ्यो । सभ्यताको विकास सँगै विवाह संस्थाले अनुबन्धको आकार ग्रहण गऱ्यो आज पनि दाइजो र उत्तराधिकारीले महिलालाई परिवारमा दासीको रुपमा

राखेको पाइन्छ । विवाहमा केटीका बाबुआमाद्वारा केही दान दिइन्छ । जब कि केटाले पत्नीलाई ग्रहण गरोस् । पुरुषको तुलनामा स्त्रीमाथि विवाह बन्धन जबरजस्ती लादिन्छ । विवाहको अलवा स्त्रीको सामु अन्य कुनै मार्ग देखाइदैन र विवाहको निर्धारित उद्देश्य नै महिलाई बन्धमान राख्नु हो । महिलाले विवाह र यसबाट हुन आउने उत्तरदायित्वबाट मुक्ति पाउन सक्दिन । त्यसैले लेखिकाले विवाहलाई महिलाको शोषण बन्धनको स्रोतका रुपमा विश्लेषण गरेकी छन् । समाजको दृष्टि र घर गृहस्थीबाट महिला सधैं नियन्त्रित भइरहने उल्लेख गरेकी छन् (बोउबार, २०६०) ।

महिलाहरू बालबच्चा जन्माउनेदेखि तिनको पालनपोषण, हेरचाह लगायतका समस्त घरायसी कार्यमा रातदिन खट्नुपर्ने अवस्था छ तर तिनै कार्यमा परिवार भित्र महिलाको निर्णय गर्न सक्ने हैसियत अत्यन्तै कमजोर छ कि महिला भएका कारण तिनीहरूले निर्णय गर्न सक्दैनन् भनिन्छ । जबकी एउटा परिवारमा पुरुषलाई गरिने सामाजिककीकरणका प्रक्रिया निकै भिन्न छन् जहाँ पुरुषलाई परिवार एवम् समाजको साहसी, निर्णयकर्ता निडर केही गर्नुपर्छ भन्ने लिङ्गका रुपमा हेरी यही मान्यतामा रही यसै अनुरुपको क्षमताको अभिवृद्धि गरिन्छ त्यही अनुसारको सुविधा र अधिकार दिइन्छ । जुन अवसरबाट महिलाहरू बञ्चित भएका हुन्छन् (आचार्य, २०७१) ।

दक्षिण एसियाका विभिन्न मुलुकहरूका महिलाहरूको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरू विद्यमान रहने विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाहरूको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानुनी र राजनीतिक त्तवहरूले प्रभाव पार्दै आइरहेको पाइएको छ । सत्ती प्रथा, बालविवाह, अनमेल विवाह, बहुविवाह, बोक्सी, विधवा, चेलिबेटी, बेचविखन, दाइजो प्रथा आदि सामाजिक त्तवहरूले नेपाली समाजका महिलाको हैसियत कमजोर बनाइएको पाइएको छ (थापा, १९८५) ।

'छोरीको जन्म हारेको कर्म' यो उखान अधिकांश नेपाली समाजको जन जिब्रोमा झुण्डिएको छ किनभने २०५८ सालको जनगणनालाई आधार मान्दा झण्डै ३५ प्रतिशत महिलाहरू साक्षरता प्रतिशत नेपाल अधिराज्यका विभिन्न क्षेत्रमा सन्तुलित रुपमा वितरण नभएर शहरी क्षेत्रमा र धनी मानी एवम् हुने खाने परिवारमा बढी सीमित छ । प्राप्त शिक्षित परिवारका उच्च शिक्षा प्रापत गरेका महिलाले पनि उक्त उखानलाई विवेकशील नगरी पुरुषको निर्देशन

अनुसार सामाजिक क्रियाकलापलाई अवलम्बन गर्दै आएका छन् भने बाँकी असाक्षर महिला र साक्षर भनी बाँकी असाक्षर महिला र साक्षर भनी पहिचान गरिएका महिलाहरूले सामाजिक र साँस्कृतिक दर्शन र नियमलाई विवेकशील ढंगले विश्लेषण गर्न कठिन रहेको सन्दर्भमा माथिको उखान नेपाली समाजबाट लोप हुन सकेको छैन । छोराछोरी बीच गर्भधारणा देखि वृद्ध अवस्थासम्म असमान व्यवहार गरिने हुँदा, सामाजिक, साँस्कृतिक नियम र चलनले महिलालाई निम्न तहमा राखेको हुनाले छोरीको जन्मलाई हारेको कर्मका रुपमा व्याख्या गरिएको पाइन्छ (अर्याल, २०६२) ।

तल उल्लेख निम्न भनाइहरूबाट पनि महिलाको अवस्था एवम् हैसियत कमजोर नै रहेको प्रष्ट हुन जान्छ । त्यही प्रक्रिया परिवार एवम् समाज र समुदायमा रहेका बुहारीहरूमा पनि लागु हुन्छ । त्यसबाट समाजमा छोरीहरूको अवस्था छोराको तुलनामा निम्न नै रहन जान्छ ।

- महिलाहरू पापको पोका हुन् ।
- महिलाहरू झगडालु र निच हुन् ।
- ढोल (ढोलका) गाउँले, शुद्ध, पशु र नारी यी पाँच पिटाइ खान योग्य छन् ।
- लोग्नेको खुट्टा नै स्वास्नीको स्वर्ग हो ।
- अभागीको गाई मर्दछ भाग्यमानीको स्वास्नी मर्दछ ।
- स्वास्नी मानिसको भर हुँदैन (भासिन, १९९३) ।

वेनेट (१९८३) ले उच्च ब्राह्मण क्षेत्री परिवारका महिलाको सामाजिक साँस्कृतिक पक्षलाई आधार मानी अध्ययन गरेकी छन् । जहाँ हिन्दु धर्म प्रभावित पितृसत्तात्मक परिवारको आर्थिक, सामाजिक र साँस्कृतिक धार्मिक पक्षमा महिलाको हैसियत विश्लेषण गरिएको छ । पितृप्रधान समाजका नियम चलन र संस्कारहरूको विश्लेषण रिएको छ । महिलाहरूलाई देवी वा दासीको रुपमा शुद्धता अशुद्धताको रुपमा पवित्र र अपवित्रताको रुपमा, कामुक र खतराको रुपमा मातृवात्सल्य र घर भडुवा जस्ता द्वैध भूमिका भएका भनि व्याख्या गरिएको छ । विवाहपूर्व छोरी वा बहिनीको रुपमा माइतीमा पवित्र मानिएको विवाह पश्चात् खतरा निम्न र हेयको रुपमा लिने गरेको पाइन्छ । यसरी हिन्दु धर्मको उच्च ब्राह्मण परिवारमा महिलाको द्वैध भूमिका हुने महिला पुरुषद्वारा नियन्त्रित हुने विभिन्न अवसरबाट महिलाहरू

बञ्चित रहने जस्ता लैङ्गिक असमानता र भेदभावलाई स्पष्ट पार्दै छोरा पैतृक सम्पत्तिको उत्तराधिकारी हुने र छोरीलाई कन्यादान दिँदा दाइजो दिने गरेको उल्लेख गरेकी छन् (वेनेट, १९८३) ।

पितृसत्ता पुरुष दमन र नियन्त्रण मात्र होइन । यो सामाजिक प्रणाली पनि हो । यो यस्तो सामाजिक एवम् वैचारिक प्रणाली हो । जहाँको सम्पूर्ण पक्षहरूमा पुरुषको प्रभुत्व र अधिनता हुन्छ । परिवार, धर्म, कानुन, आर्थिक प्रणाली र यससँग सम्बन्धित निकाय, सञ्चार, शैक्षिक स.स्था र यसको प्रणाली पितृसत्तात्मक व्यवस्थाको आधार स्तम्भहरू हुन् । यिनले पितृसत्तात्मक मुल्य, मान्यता र परम्परालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै लैजान मद्दत पुऱ्याउँछन् (भासिन, १९९३) ।

हिन्दु धर्ममा गर्भाधान संस्कारको मुख्य उद्देश्य छोरा जन्माउनु हो । छोरा जन्माउनुलाई हिन्दुहरू एउटा पवित्र कार्य मान्दछन् भने धर्म र संस्कृतिले महिलालाई गर्भे देखि निषेध गरेको छ । हिन्दु धर्मका अनुसार प्रत्येक व्यक्तिका तीन ऋणहरू हुन्छन्- ऋषि, देव ऋण, पितृऋण यसमा पितृ ऋणबाट मुक्त हुनका लागि पुत्र प्राप्त गर्नु अनिवार्य मानिन्छ । धर्तिमा जन्मपछि महिलाले बाँच्नुपर्ने पीडामा जीवन त छँदैछ । धर्ती मै आउन नदिनका लागि महिलाले निषेध गर्ने परम्परा छ (भासिन, १९९३) ।

बौद्ध धर्म लैङ्गिक दृष्टिले खुल्ला र उदार रहेको छ यसमा धर्मको नाममा महिलाहरूको विभेद गरिएको हुँदैन । महिलाहरूको आर्थिक क्रियाकलापमा उच्च स्थान हुन्छ । घरायसी निर्णय प्रक्रियामा पनि हिन्दु धर्ममा भन्दा निकै राम्रो भूमिका देखिन्छ । यसमा हिन्दु धर्ममा जस्तो महिलाहरूलाई सामाजिक, साँस्कृतिक बन्देज बौद्ध धर्ममा हुँदैन (आचार्य, २०७१) ।

इस्लाम धर्ममा महिलाहरूको स्थिति न्यूननै छ । प्रत्येक निर्णय प्रक्रियामा महिलाहरूलाई कुनै स्थान दिइएको हुँदैन । महिलाहरूको विभिन्न पक्षलाई यस धर्ममा नियन्त्रण गरिन्छ । मानिस भएर मानिससँग मुख खोलेर प्रतयक्ष रुपमा कुरा गर्न पाउने अधिकार मुश्लिम महिलाहरूलाई छैन (अर्याल, २०५९) ।

क्रिश्चियन धर्ममा पनि पितृसत्तात्मक संरचनालई जोड दिएको छ । महिलाको सृजना पुरुषका निमित्त गरिएको हो । एवम् पुरुषहरूलाई शिरको संज्ञा दिने जस्तो कार्य क्रिश्चियन

धर्ममा हुन्छ । क्रिश्चियनहरूले बाइबललाई मुक्तिको इतिहास, पवित्र ग्रन्थ र ईश्वरको शब्दको रुपमा लिइन्छन् तर यस धर्ममा पनि महिला दमन र शोषणका प्रशस्त घटनाहरूपाइन्छन् (अर्याल, २०५९) ।

ब्राह्मण क्षेत्री जातिका तुलनामा राई, मगर, शेर्पा, तामाङ समुदायमा महिलाप्रतिहेर्ने दृष्टिकोण बढी सकरातम्क रहेको पाइन्छ । शेर्पा जातिमा बहुपति प्रथा छ । यस जातिमा विवाह विच्छेदलाई सामान्य मानिन्छ । सन्तान जन्माइसकेकी आमा विवाह नभएको केटासँग फेरी विवाह गरेमा पनि समाजले नकरात्मक रुपमा लिदैन । विधवा भाउजुलाई देवरले विवाह गर्न पनि सक्छन् (सुवेदी, २०५६) । तामाङ जति विवाहको सवालमा बढी खुल्ला र उदार देखिन्छ । कसैले जारी तिरेर कसेको दुलही ल्याउने, दोस्रो विवाह गर्ने, विधवा विवाह गर्ने, सम्बनध विच्छेद गर्ने जस्ता प्रक्रिया सामान्य मानिन्छ (शर्मा, २००३) ।

माथिका सन्दर्भहरूबाट स्पष्ट हुन्छ कि ब्राह्मण क्षेत्री परिवारका महिलाहरू अरु जातिका महिलाहरू भन्दा सामाजिक साँस्कृतिक रुपमा बढी नै पीडित रहेका छन् ।

# अध्याय तीन

# **अनुसन्धान विधि**

## ३.१ **अध्ययन क्षेत्र छनौटको औचित्य**

अनुसन्धान विधि सुरु गर्नुभन्दा पहिले क्षेत्र छनौटको औचित्य स्पष्ट पार्नुपर्दछ । जसमा अनुसन्धानकर्ताले अध्ययनको लागि छनौट गरेको क्षेत्र र समस्या छनौट गर्नुको सम्बन्धमा स्पष्ट पार्नु पर्दा यो क्षेत्रमा ब्राह्मण क्षेत्री परिवारका बुहारीहरूको सामाजिक,आर्थिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न र दैनिक जिवनयापन एवम् पारिवारिक कार्य प्रक्रियामा बुहारीहरूको अवस्था कस्तो रहेको छ भन्ने खालको अध्ययन यो क्षेत्रमा नभएको कारण शोधकर्तालाई उत्सुकता जागेकोले यस क्षेत्रको अध्ययन गर्न लागिएको हो । यस ठाउँको लैङ्गिक अवधारणा सम्बन्धी जानकारी प्राप्त गर्नको लागि यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो । यस क्षेत्रमा ब्राह्मण क्षेत्री जातिको बसोबास बढी रहकोले उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.२ **अनुसन्धानको ढाँचा**

कुनैपनि प्रस्तावित अनुसन्धान कार्यमा अपनाउनु पर्ने सम्पूर्ण कार्य विधिको पूर्व तयारी स्वरुप तयार पारिएको वृहत योजना अनुसन्धान ढाँचा हो । यस शोधपत्रमा खास गरी अन्वेशणात्मक र वर्णनात्मक किसिमको ढाँचा रहेको छ । जस अन्तर्गत छनौट गरेको शीर्षकको मुख्य उद्देश्य बुहारीहरूको वर्तमान अवस्थाको बारेमा जानकारी लिने एवम् उनीहरूको दैनिक जिवनयापन र पारिवारिक कार्य प्रक्रियाको बारेमा पत्ता लगाउनु रहेको छ । त्यसैले यस अध्ययनमा अनुसन्धानको ढाँचा अन्वेषणात्मक एवम् वर्णनात्मक प्रकारको छ ।

## ३.३ **तथ्याङ्कको प्रकृति र स्रोत**

यस अध्ययनमा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ । जुन प्राथमिक र द्वितीय स्रोतबाट सर्वेक्षण गरिएको छ । अर्न्तवार्ता अनुसूचिको माध्यमबाट प्रत्यक्ष

अर्न्तवार्ताद्वारा तथ्याङ्क लिइएको छ भने द्वितीय स्रोत अन्तर्गत स्वदेशी तथा विदेशी विद्वान तथा समाजशास्त्री/मानवशास्त्री, अर्थशास्त्री, संघसंस्थाबाट प्रकाशित लेख, रचना स्मारिका आदिको सहयोग लिइएको छ ।

## ३.४ समग्र अध्ययन

प्रत्येक घरबाट एक-एक जना बुहारी पर्ने गरी ६२ जनालाई उद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरी छनौट गरिएको छ । समग्र ६२ जनाको नै अध्ययन गरिएकोले जनगणना विधि अवलम्बन गरिएको र तिनै ६२ जना नै यस अध्ययनका उत्तरदाता हुन् ।

यो अध्ययन कास्की जिल्लाको वडा नं. १६ बाटुलेचौरको चमेरी गुफा अन्तर्गतका ब्राह्मण क्षेत्री जातिको कुल घर संख्या ६२ रहेका छन् । तिनै घरका बुहारीसँग मात्र अर्न्तवार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ साथै ६२ घरधुरीका विवाहित महिला सदस्यहरू मध्येबाट आवश्यक ठानिएका केही महिला सदस्य (उत्तरदाता) लाई वैयक्तिक अध्ययनको माध्यमबाट तथ्याङ्क लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन स्रोतहरू

अध्ययन अनुसन्धान कार्यमा तथ्याङ्क संकलन गर्नका लागि विभिन्न तथ्याङ्क संकलन गर्नका लागि प्राथमिक तथ्याङ्क स्रोत र द्वितीय तथ्याङ्क स्रोतको र वैयक्तिक अध्ययनको विधि प्रयोग गरिएको छ भने द्वितीय तथ्याङ्क संकलन स्रोतमा लेख, अभिलेख, पत्रपत्रिका, पुस्तक, विभिन्न संघसंस्थाबाट प्रकाशित रिपोर्ट आदिलाई लिइएको छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलन विधिहरू

अनुसन्धानलाई विश्वसनीयता, वैद्यता एवम् मौलिकता दिनका लागि प्राथमिक तथ्याङ्क महत्वपूर्ण स्रोत मानिन्छ । त्सका लागि निम्न तरिका अपनाइएको छ ।

#### अर्न्तवार्ता अनुसूची

तथ्याङ्क संकलन गर्ने विधि मध्ये अर्न्तवार्ता अनुसूचि पनि प्राथमिक तथ्याङ्क संकलन गर्ने विधि हो । यो अनुसन्धानको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गर्ने गरी

अर्न्तवार्ता अनुसूचि तयार पारिएको छ । प्रश्नहरू निर्माण गर्दा सङ्ख्यात्मक र गुणात्मक दुवै खालका तथ्याङ्कहरू लिन सक्ने गरी गरिएकोछ ।

### वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन प्राथमिक तथ्याङ्क संकलन गर्ने विधि मध्ये एक हो । यस शोधकार्यलाई अझैं प्रभावकारी बनाउनको लागि वैयक्तिक अध्ययन गरिएको छ जसबाट अझै प्रष्ट र सही तथ्याङ्क निकाल्न अनि मनोभावना बुझ्नको लागि महत्वपूर्ण हुने मानिएको छ ।

## ३.५.२ द्वितीय तथ्याङ्क संकलन विधिहरू

द्वितीय तथ्याङ्क संकलनको लागि सार्वजनिक लेख, अभिलेख, रचना, विभिन्न संघसंस्थाबाट प्रकाशित रिपोर्ट, पत्रपत्रिका, धार्मिक पुस्तक आदिलाई लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

अनुसन्धानको आवश्यकता अनुसार संख्यात्मक र गुणात्मक दुवैखालको तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । जसमा संख्यात्मक तथ्याङ्कलाई साधारण तालिका र प्रतिशतको रुपमा प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक तरिकाबाट विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र उत्तरदताको सामाजिक, आर्थिक र जनसाङ्ख्यीय विवरण

यस अध्यायमा अध्ययन क्षेत्रको समाजिक आर्थिक अवस्थितिको व्याख्या गरिएको छ । साथै यस क्षेत्रका महिलाहरूको समाजिक, आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

पश्चिमाञ्चल बिकास क्षेत्रको गण्डकी अञ्चल कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिका राजधानी शहर काठमाडौ भन्दा २०० किलोमिटर दक्षिणमा रहेको छ । यस महानगरपालिकामा ३३ वटा वडा रहेका छन् । जसमध्ये वडा नं १६, बाटुलेचौरको चमेरी गुफा एक पर्यटकीय  क्षेत्र हो । राजनैतिक विभाजनका हिसावले हेर्दा ४ नं. प्रदेशको क्षेत्र नं. २ मा पर्दछ । अध्ययन क्षेत्रको पूर्वमा भलाम, पश्चिममा लामाचौर, उत्तरमा घार्मी र दक्षिणमा महानगरपालिकाको १६ नं. वडा नै पर्दछ । यस क्षेत्रमा ब्राह्मण क्षेत्री जातिको बाहुल्यता अन्य जातिको भन्दा धेरै भएकोले नै बुहारीहरूको भूमिकामा आएको परिवर्तनको लागि यस ठाउँलाई छनौट गरी त्यहाँका महिलाहरूको अवस्था बुझ्न खोजिएको छ ।

चारैतिर डाँडापाखा देखिने रमणीय र पर्यटकीय क्षेत्र मानिन्छ । यस क्षेत्रमा समथर खेतिबारी रहेको छ । यस क्षेत्रमा सामुदायिक वन रहेको छ जहाँ उत्तिस, चिलाउने, सल्लो, पैयूँ, कटुसका साथै अन्य बोटबिरुवा पनि रहेका छन् । यो क्षेत्र पर्यटकीय हिसावले राम्रो भएको कारणले गर्दा यस क्षेत्रमा व्यापार व्यवसाय पनि राम्रो रहेको पाइन्छ ।

यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, दमाई, गुरुङ्ग साथै केही ठकुरी पनि रहेको छन् । ३३ वटा वडाहरू मध्ये वडा नं. १६ मा भएका ब्राह्मण क्षेत्रीका महिलालाई नै प्रतिनिधिको रूपमा छनैट गरिएको छ । यस अध्ययनमा हिन्दु धर्म मान्ने ब्राह्मण क्षेत्री जातिमा बुहारीप्रति अथवा विवाहित महिलाप्रति रहेको व्यवहार, दृष्टिकोण, धारणा र वर्तमान परिवेशमा उनीहरूको भुमिकामा आएको परिवर्तनलाई अध्ययन गरिएको छ ।

## ४.१.१ चमेरी गुफा क्षेत्रको सामाजिक संरचना

सामाजिक संरचना निमार्णका लागि आधारभूत संस्थाहरू भनेको नै विवाह, परिवार र नातेदार हुन् । यिनै आधारभूत अवस्थाका आधारमा नै सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक जस्ता वृहत संस्थाहरू सक्रिय हुने पुग्छन् । आधारभूत संस्था र वृहत संस्थाहरू एकअर्कोसँग अन्तरसम्बन्धित हुन्छन् । एउटामा परिवर्तन आउँदा स्वत अर्कोमा परिवर्तन हुनुपर्छ । परिवारको संरचनाको लागि विवाह आवश्यक छ । सँसारका भिन्न समाजमा विवाहको प्रकृति, विवाहप्रतिको सोचाई भिन्न खालको पाउन सकिन्छ तर सबैको उद्देश्य भनेको परिवारको निमार्ण गर्नु हो ।

गण्डकी अञ्चल कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. १६, बाटुलेचौरको चमेरि गुफा क्षेत्र एक हिन्दु धर्म मान्ने ब्राह्मण क्षेत्री जातिहरूकै बाहुल्यता रहेको पाइन्छ । खासगरि ब्राह्मण क्षेत्री समाजमा सामाजिक कार्यमा धेरै पुरुषहरूले नै निर्णय गर्ने गरेका पाइन्छ । हरेक निर्णायक कुराहरूमा पुरुषहरूकै बाहुल्यता रहेतापनि अहिलेको वर्तमान परिवेशमा महिलाहरूको पनि निर्णय केही हदसम्म भए पनि चल्ने गरेको छ । त्यसैमा पनि ब्राह्मण क्षेत्री समाजमा त झन धार्मिक परम्परा, रितिरिवाज बढी चल्ने गरेको पाइन्छ । पहिलेको र अहिलेको ब्राह्मण क्षेत्री समाजलाई हेर्दा धेरै परिवर्तन रहेको पाईन्छ । यस क्षत्रमा ब्राह्मण क्षेत्री जातिमा प्रेम विवाहलाई स्वीकार्य गरिए तापनि अन्तरजातिय विवाहलाई भने स्वीकार्य गरिएको कमै पाइन्छ । दोस्रो विवाहको सवालमा पुरुषहरूलाई सहज भएतापनि महिलाहरूमा त्यस्तो स्थिति छैन । यस ठाउँमा मनाइने चाडपर्वहरूमा जस्तै- ऋषि पूर्णिमा, विज, दशैं, तिहार, माघेसक्रान्ति, पुसे पन्ध्रम्, श्रीपञ्चमी शिवरात्री, फागुपूर्णिमा, चैते दशै आदि रहेका छन् । विशेषगरि आजैपनि महिलाहरू तीजमा आफ्नो पतिको सु-स्वास्थ्य र दीर्घायुको लागि निरजल व्रत बस्ने गर्दछन् । अध्ययन क्षेत्रमा पितृसत्तात्मक सामाजिक संरचनामा परिवर्तन आएको पाईन्छ । छोरा र छोरीलाई गरिने सामाजिकिकरणमा नै भेदभावपूर्ण व्यवहार हुने गरेको पाईन्छ । यस क्षेत्रमा छोराछोरीलाई समान शिक्षादिने गरेको पाइन्छ साथै छोरालाई पढ्नमा बढि प्रेरित गर्ने र छोरिलाई पढ्नका साथै घरको कामधन्दामा लगाएको पाइन्छ । तर छोराछोरीलाई शिक्षामा गरिने लगानीमा फरक भने देखिएको छैन । धारणात्मक रूपमा छोरीप्रति भेदभाव हुने गरेको पाइयो भने छोरी जातिलाई कम स्वतन्त्रता रहेको पाइयो । यस क्षेत्रका महिलाको स्थिति हेर्दा पहिले

पहिलेको भन्दा धेरै नै राम्रो छ । यस क्षेत्रका महिलाहरू पढेलेखेका छन् र उनीहरूले आफ्नो घरधन्दा गरे पनि रोजगार क्षेत्रमा लागेको पाइन्छ । यस क्षेत्रका महिलाहरूले आफ्नो आर्थिक स्थितिलाई बलियो बनाउन आफ्नो योग्यता अनुसारको कृषि व्यवसाय गर्ने, रोजगारी गर्ने गरेको पाइन्छ । त्यसैले यस क्षेत्रका महिलाहरू पहिले भन्दा अहिले आर्थिक क्षेत्रमा पनि सरिक भएको पाइन्छ । यसरी हेर्दा यस अध्ययन क्षेत्रको सामाजिक संरचना महिलाको वा छोरीको अवस्थामा धेरै परिवर्तन आएको छ ।

## ४.२ उत्तरदताको सामाजिक, आर्थिक र जनसाङ्ख्यिक विवरण

यस अध्ययनमा अध्ययन क्षेत्रको सामाजिक आर्थिक जनसाङ्ख्यि अवस्थाको बारेमा व्याख्या गरिएको छ । साथै यस क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको संक्षिप्त परिचय दिइएको छ ।

### ४.२.१ उमेर

समय अवधि जतिबेलासम्म एउटा मानिस बाँचेको हुन्छ त्यसैलाई नै उक्त मानिसको उमेर भनिन्छ । उमेरलाई बालक, युवा र वृद्धा गरि विभाजन गर्ने गरिन्छ । उमेर अनुसार नै मानिसको व्यवहार, अनुभव र शारीरिक बनावटमा फरक आउँछ । त्यस्तै यस शोध केन्द्रित क्षेत्रमा ब्राह्मण क्षेत्री समुदायको महिलाहरूको सङ्ख्याको उमेरलाई जम्मा ४ भागमा विभाजन गरिएको छ । यस अध्ययनमा विवाहित बुहारिलाई लिईएको छ । विवाह १६ वर्षदेखि हुने भएकोले १६ वर्षदेखि ४० वर्षसम्मका विवाहित महिलाहरूलाई यस अध्ययनमा समावेश गरिएको छ । उत्तरदाताको उमेरको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : उत्तरदाताको उमेर सङ्ख्याको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५-२० वर्षसम्म | ३ | ४.८ |
| २०-२५ वर्षसम्म | ५ | ८.० |
| २५-३० वर्षसम्म | १८ | २५.० |
| ३०-३५ वर्षसम्म | २२ | ३५.४ |
| ३५-४० वर्षसम्म | १४ | २२.५ |
| जम्मा | ६२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

उमेर अनुसार नै मानिसको अनुभवमा फरक हुन्छ । जबकि १६ वर्षबाट २५ वर्षसम्मका महिला र २५ वर्षदेखि ४० वर्षसम्मको महिलाहरूमा अनुभव धेरै नै फरक हुन्छ । त्यस्तै उमेरअनुसार नै मानिसको व्यवहारमा पनि परिपक्कता हुन्छ । त्यसैले यस अध्ययनमा १६ देखि ४० वर्षसम्मकै महिलालाई मात्र सीमित्ता दिईएको छ । माथिको तालिकाबाट १५-२० वर्ष उमेर समुहका सङ्ख्या ३ जना अर्थात् ४.८ प्रतिशत, २० -२५ वर्ष उमेर समुहका संख्या ५ जना अर्थात् ८.० प्रतिशत, २५-३० वर्ष उमेर समुहका सङ्ख्या १८ अर्थात् २५.० प्रतिशत, ३०-३५ वर्ष उमेर समुहका सङ्ख्या २२ अर्थात ३५.४ प्रतिशत, ३५-४० वर्ष उमेर समुहका सङ्ख्या १४ अर्थात २२.५ प्रतिशत महिला रहेको पाइन्छ ।

## ४.२.२ जातीय

नेपाल विभिन्न जातजातिको साझा देश हो । यहाँ ब्राहमण, क्षेत्री, गुरुङ, नेवार, मगर आदि जातजातिका मानिसहरूको बसोबास भएको पाइन्छ । यो अध्ययन ब्राहमण क्षेत्री जातिमा मात्र सिमित रहेकोले यस क्षेत्रका उत्तरदाताहरूको जातिय संख्या प्राप्त गर्न खोजिएको छ । जसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : उत्तरदाताको जातीय सङ्ख्याको विवरण**

| जाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | २० | ३२.२ |
| क्षेत्री | ४२ | ६७.७ |
| जम्मा | ६२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

यस क्षेत्रमा ब्राहमण जातिको संख्या २० अथार्त ३२.२ प्रतिशत र क्षेत्री जातिको संख्या ४२ अर्थात ६७.७ प्रतिशत देखियो । यस क्षेत्रमा ब्राहमणको संख्या भन्दा क्षेत्री जातिको संख्या बढी रहेको पाइयो

## ४.२.३ शिक्षा

शिक्षालाई मानिसको जिवनको ज्यातिका रूपमा बुझिन्छ भने सभ्यताको जननीको रूपमा लिइन्छ । शिक्षाबाट नै मानिसको व्यवहारहरू शिष्ट र परिष्कृत हुन्छन् । नेपालको कास्की जिल्ला पूर्ण साक्षर जिल्लाको रूपमा घोषित भइसकेको छ । यस अध्ययन क्षेत्रमा सर्वेक्षणमा लागि लिइएको  उत्तरदाताहरूको शिक्षाको स्थिति कस्तो छ भन्ने कुरा थाहा पाउन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : उत्तरदाताको शैक्षिक स्थितिको विवरण**

| शैक्षिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-५ कक्षासम्म | ५ | ८.० |
| ५-९ कक्षासम्म | १५ | २४.१ |
| एस.एल.सी | २० | ३२.२ |
| +२ कक्षासम्म | १६ | २५.८ |
| स्नातक | ४ | ६.४ |
| स्नाकोत्तर | २ | ३.२ |
| जम्मा | ६२ | १०० |

स्रोत; स्थलगत सर्वेक्षण, २०७४ ।

प्रायजसो महिलाको साक्षरता स्थिति राम्रो देखियो । साक्षरता १०० प्रतिशत रहेको पाइयो । जसमा १.५ कक्षासम्म ५ जना अर्थात्  ८ प्रतिशत, ५.९ कक्षासम्म १५ जना अर्थात् २४.१ प्रतिशत एस.एल.सी सम्म २० जना अर्थात ३२.२ प्रतिशत, स्नातक सम्म ४ जना अर्थात ६.४ प्रतिशत र स्नाकोत्तर सम्म २ जना अर्थात् ३.२ प्रतिशत रहेको पाइयो ।

## ४.२.४ परिवारको प्रकार

हाम्रो नेपाली समाजमा मानिसहरू परिवारमा मिलेर बस्ने गर्छन् । परिवारको प्रकार तीन किसिमका रहेका छन् । जुन एकल संयुक्त र वृहत परिवार हुन् । हाम्रो समाजमा एकल र संयुक्त परिवार प्रश्स्त भेटिन्छन् र त्यसैमा बस्न पनि रुचाउछन् । यस अध्ययन क्षेत्रका उत्तरदाताहरूको परिवारको प्रकार तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.४ : उत्तरदाताको परिवारको प्रकारको विवरण**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | ३८ | ६१.३ |
| एकल परिवार | २४ | ३८.७ |
| **जम्मा** | ६२ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकामा एकल परिवारको संख्या २४ अर्थात ३८.७ प्रतिशत र संयुक्त परिवारको संख्या २४ अर्थात् ६१.३ प्रतिशत रहेको पाइयो । यस क्षेत्रको अध्ययन अनुसार एकल परिवारको चाहना बढी भएतापनि संयुक्त परिवारको संख्या बढी नै देखियो ।

## ४.२.५ परिवारको संख्या

परिवारको आकार भन्नाले कुनै पनि परिवारमा रहेका सदस्य सङ्ख्यालाई बुझिन्छ । अर्को शब्दमा भन्दा एउटै छानामुनि बस्ने, एउटै भान्छा प्रयोग गर्ने, जन्म र विवाहले एकआपसमा सम्बन्धित व्यक्तिको समुह नै परिवार हो । नेपालमा पारिवारिक बनोटको आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रमा भेटिन्छन् भने कहिकतै वृहत संयुक्त परिवार पनि पाइन्छ । एकल परिवारमा श्रीमान्, श्रीमती र तिनिहरूका अविवाहित छोराछोरीलाई बुझाउछन् भने संयुक्त परिवारमा एक दम्पती तिनभन्दा बढि वा तिन पिढिँका सदस्यहरू एकैसाथ बस्थे

गर्दछन् । यस्तो परिवारलाई संयुक्त परिवारको रूपमा लिन सकिन्छ । यस्तो परिवारिक ढाँचा नेपालमा बढी पाइन्छ तर वर्तमान समयमा संयुक्त परिवारको सङ्ख्या बढि रहेको छ । शहरी क्षेत्रमा आधुनिकीकरले गर्दा प्राय एकात्मक परिवारको बनोटमा बढी आकर्षक आउन थालेको छ ।

**तालिका ४.५ : उत्तरदाताको पारिवारिक सङ्ख्याको विवरण**

| परिवारको अवस्था | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-५ परिवार सदस्य | २३ | ३७.० |
| ५-१० परिवार सदस्य | ३६ | ५८.० |
| १० भन्दा माथि | ३ | ४.८ |
| जम्मा | ६२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकामा गरिएको पारिवारिक अध्ययन अन्तर्गतको अवस्थाको क्रममा कुन परिवारमा कति जना छन् भनी हेर्नुपर्दा ०-५ सदस्य भएको परिवारमा २३ जना अर्थात् ३७.० प्रतिशत, ५-१० जना सदस्य भएका परिवारमा उत्तरदाताको संङ्ख्या ३६ जना अर्थात् ५८.० प्रतिशत, १० भन्दा माथि सदस्य रहेको परिवारमा उत्तरदाताको संङ्ख्या ३ अर्थात् ४.८ प्रतिशत रहेका छन् ।

## ४.२.६ घरमूली

नेपालको परिवेशमा हेर्दा नेपाल एक पितृ प्रधान देश भएकाले यहाँ घरका मूलि पनि पुरुष नै हुने गरेको देखिन्छ । घरको निर्णयमा महिलाको धेरै सहभागिता हुदैन किनभने घरको पुरुषले नै घरको जिम्मेवार लिने गर्दछन् । मुख्यतया ससुराले नै उक्त घरको घरमूलिको भूमिका निर्वाह गरेका हुन्छन् । यस अध्ययन क्षेत्रका उत्तरदातालाई सोधिएको थियो कि हजुरको घरको घरमूलिको हुनुहुन्छ भन्दा प्राप्त भएको उत्तरलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ४.६ : उत्तरदाताको घरको घरमूलिको विवरण**

| घरको घरमूलि | संख्या | प्रतिशत |
|---|---|---|
| सासु ससुरा | ३९ | ६२.९ |
| श्रीमान | १८ | २९.० |
| आफै | ५ | ८.० |
| जम्मा | ६२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४ ।

प्रायजसो घरको घरमूलि सासु ससुरा नै रहेको पाइयो । त्यसपछि श्रीमान घरको घरमूलि रहेको देखियो । बुहारी स्वयम घरको घरमूलि कमै रहेको पाइझो । माथिको तालिकामा यस क्षेत्रका उत्तरदाताको घरको घरमूलि सासु ससुरा ३९ जना अर्थात् ६२.९ प्रतिशत , श्रीमान १८ जना अर्थात् २९.० प्रतिशत र बुहारी ५ जना अर्थात् ८.० प्रतिशत रहेको पाइयो ।

## ४.२.७ विवाह

विवाह जुन मानिसको प्राकृतिक नियम नै मानिन्छ । विवाह नै स्त्री र पुरुषको मिलनको अवसर हो यसबाट नै हामिहरूको वंश चलिरहेको हुन्छ । विना विवाह सन्तान जन्माउने प्रक्रियालाई हाम्रो समाजले गलत मानिने कारणले विवाह समाजको अभिन्न अङ्ग मानिन्छ । यस अध्ययनमा पनि सबै विवाहित महिलाहरूलाई लिइएको कारणले उनीहरूको विवाह भएको समय कति भयो भनि देखाउन खोजिएको छ ।

**तालिका ४.७ : उत्तरदाताको विवाह भएको समय**

| समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५ वर्ष भन्दा तल | ४ | ६.४ |
| ५-१० वर्षसम्म | १३ | २०.९ |
| १०-१५ वर्षसम्म | १७ | २७.४ |
| १५-२० वर्षसम्म | २३ | ३७.० |
| २०-२५ वर्षसम्म | ५ | ८.० |
| जम्मा | ६२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिकामा विवाह भएको धेरै वर्ष भएको महिलाको अनुभव छुट्टै हुने र थोरै वर्ष भएको छुट्टै हुने कारणले उमेर अनुसारको विवरण खोजिएको छ । जसमा ५ वर्षभन्दा तल ४ जना, ५-१० वर्षसम्म १३ जना र १०-१५ वर्षसम्म १७ जना, १५-२० वर्षसम्म ५ जना रहेका छन् । ६२ जना महिलालाई आ-आफ्नो ठाउँबाट नै छुट्टाछुट्टै अनुसन्धान गरिएको छ ।

यस क्षेत्रमा विवाह भएको ५ वर्ष भन्दा तलका बुहारीहरू र ५-२५ वर्षसम्मका बुहारीहरूको अनुभवमा केही भिन्नता पाइएको छ । जसमा ५ वर्ष भन्दा तल विवाह भएका बुहारीहरूले आफु बुहारी भएर आउँदा अहिलेसम्म खासै केही परिवर्तन नभएको कुराको जानकारी दिए भने सो ५ वर्ष भन्दा माथिको समयका महिलाहरूले आफु बुहारी भएर आएको अवस्थाबाट अहिलेसम्मको समयमा धेरै परिवर्तन भएको छ जुन पहिले बुहारीलाई गर्ने व्यववहार र उनीहरूप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आउनुको साथै बुहारीहरूले शिक्षा दिक्षा र रोजगारी क्षेत्रमा पनी लाग्ने अवसर प्राप्त भएको छ जुन पहिलेको समयमा थिएन भन्ने निष्कर्ष माथिको तालिकाले देखाउँदछ ।

## ४.२.८ आर्थिक अवस्था

प्रत्येक व्यक्ति र समुदायको अवस्था जान्न त्यस ठाउँको जनजीवन कस्तो छ र त्यो ठाउँमा कुन कुन त्तवहरूले प्रभाव पारिरह्का छन् भनी जान्नु आवश्यक छ । आर्थिक, सामाजिक, राजनैतिक एवम् साँस्कृतिक पक्षले मुख्य भूमिका खेलेको छ ।यी सबै पक्षहरू मध्ये पनि जति भूमिका आर्थिक पक्षले खेलेको हुन्छ । मानिसको जिवनमा अन्य पक्षको भूमिका त्यसको भन्दा कमै हुन्छ ।

हाम्रो देश कृषि प्रधान देश भएतापनि यथेष्ट मात्रामा कृषिले पुग्ने अवस्था छैन त्यकारण अन्य पेशाको पनि जरुरत पर्ने हुनाले यहाँ पनि उत्तरदाताको परिवारहरू खासगरि श्रीमान् उनीहरूको आफ्नो आर्थिक अवस्था राम्रो बनाउन र घरपरिवारको राम्रोसँग पालनपोषण गर्नको लागि कहाँ कहाँ संलग्न छन् भन्ने बारेमा जानकरी लिने प्रयास गरिएको थियो । जुन तालिकाबाट देखाउंन सकिन्छ ।

### तालिका ४.८ : उत्तरदाताको पारिवारिक पेशा विवरण

| क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | १५ | २४.१ |
| वैदेशिक रोजगार | १२ | १९.३ |
| निजि क्षेत्रको जागिर | ८ | १२.५ |
| निजामति सेवा | ५ | ८.० |
| सेनामा रोजगार | ४ | ६.४ |
| कृषि | १८ | २९.० |
| जम्मा | ६२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

यस क्षेत्रमा पुरुषहरू विभिन्न पेशामा संलग्न रहेको देखिन्छ । जसमा व्यापारमा १५ जना अर्थात् २४.१ प्रतिशत, वैदेशिक रोजगारमा १२ जना अर्थात १९.३ प्रतिशत, निजि क्षेत्रको जागिर ८ जना अर्थात् १२.५ प्रतिशत, निजामति सेवामा ५ जना अर्थात ८.० प्रतिशत, सेनामा जागिर ४ जना अर्थात् ६.४ प्रतिशत, र कृषिमा १८ जना अर्थात् २९.० प्रतिशत रहेको पाइयो ।

यस समुदायको महिलाको आर्थिक स्थिति कस्तो छ ? उनीहरूको आम्दानीको स्रोतहरू के के रहेका छन् ? महिलाहरू आर्थिक रूपमा कुन स्थितिमा रहेका छन । भन्ने कुरालाई व्याख्या गरिएको छ । यस समुदायका महिलाहरूको आर्थिक अवस्थाको विश्लेषण गर्दा पहिलेका महिलाहरू आफुलाई घरभित्रको काममा मात्र सिमित राख्ने पढेलेखेका भए पनि हामीले घरको काम मात्र गर्ने हो भनेर घरभित्र मात्र सक्रिय रहे र बाहिरको काममा पुरुषहरू मात्र सरिक हुन्थे र आर्थिक क्षेत्रतर्फ पनि पुरुष मात्र लागेका हुन्थे तर अहिले यस्तो अवस्थामा धेरै मात्रामा परिवर्तन आएको छ । अहिलेको महिलाको अवस्थामा भन्नुपर्दा महिलाहरू घरको काममा मात्र सिमित नरहेर हामीले पनि केही गर्न सक्छौ भन्ने सोचले अन्य बाहिरी आर्थिक क्षेत्रमा पनि संलग्नता रहेको पाइन्छ । पढेलेखेका महिलाहरूले आफ्नो योग्यता अनुसारको रोजगारी, व्यापार, व्यावसाय गरेका छन् भने कम पढेकाले सीपमुलक कामहरू सिकेर आर्थिक अवस्थालाई बलियो बनाउन र आफ्नो घरको आर्थिक अवस्थालाई राम्रो बनाउन तर्फ पनि लागेको पाइन्छ । परिवारको आर्थिक अवस्थालाई मिलाउनको लागि

महिलाहरू सकेसम्म प्रयासरत रहिरहेका छन् । पहिले महिलाहरू घरभित्रको काममा सक्रिय रहने, मेलपात, बालबच्चा, स्याहारसम्भार गर्ने, पानी पँधेरो गर्ने गर्दथे तर  अहिले उनीहरू घरभित्रका साथसाथै घरबाहिरको काममा पनि धेरै सरिक भएको पाइन्छ । तर हाम्रो समाज अझै पनि पितृसत्तामक सोचबाट अलग हुन सकेको छैन त्यसैले अहिले पनि सम्पतिको चलखेलमा पुरुषको नियन्त्रण बढी रहने सामाजिक प्रवृतिले गर्दा महिलाहरूको आर्थिक अवस्था पहिलेभन्दा धेरै सुधार भएपनि अझै पनि कमजोर नै रहेको देखिन्छ । यस क्षेत्रका महिलाहरू भने घर भित्रका कामकाजका साथसाथै अन्य आर्थिक क्षेत्रमा पनि संलगन रहेको पाइयो ।

**तालिका ४.९ : उत्तरदाताको कामको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरभित्रको काम | घद्ध | छद्ध.ड |
| कृषि | ढ | ज्ञद्ध.छ |
| व्यापार व्यवसाय | ज्ञघ | द्दण.ढ |
| रोजगार | ट | ढ.ट |
| जम्मा | टद्द | ज्ञण ण |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

अध्ययन क्षेत्रका महिलाहरू अरु कामकाजमा भन्दा घरभित्रको काममा धेरै सक्रिय रहेको पाइयो । जसमा घरभित्रको काममा ३४ जना अर्थात् ५४.८ प्रतिशत, कृषि क्षेत्रमा ९ जना अर्थात् १४.५ प्रतिशत, व्यापार व्यवसाय गर्नेहरूमा १३ जना अर्थात् २०.९ प्रतिशत र रोजगार क्षेत्रमा ६ जना अर्थात् ९.६ प्रतिशत रहेको पाइयो ।

## ४.२.९ सामाजिक कार्य

मानिस समाज बिना रहन सम्भव हुदैंन जब समाजमा रहेपछि हरेक सामाजिक कार्यमा संलग्नता हुनु आवश्यक छ । सामाजिक कार्य भनेको आफु रहेको समाजको विकासको कार्यमा उक्त समाजका व्यक्तिहरू मिलेर गरिने कार्य भन्ने बुझिन्छ । त्यसकारण यो

अध्ययन क्षेत्रमा पनि उत्तरदातालाई सोधिएको थियो, हजुरहरू सामाजिक कार्यमा कतिको संलग्न हुनुहुन्छ ? भन्दा उत्तरदाताहरूबाट प्राप्त उत्तर तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१० : सामाजिक कार्यमा भएको आवद्धताको विवरण**

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| सक्रिय छु | ६ | ९.६ |
| सामान्य सक्रिय | १५ | २४.१ |
| कहिलेकाही | ३० | ४८.३ |
| सहभागि हुदिन | ११ | १७.७ |
| **जम्मा** | **६२** | **१००** |

स्रोतः स्थलथत सर्वेक्षण, २०७४ ।

यसबाट घरभन्दा बाहिर निस्कने कार्यमा अलि सक्रिय रूपमा लाग्ने महिलाको सङ्ख्या छ जना अर्थात् ९.६ प्रतिशत सामान्य सक्रिय १५ जना अर्थात् २४.१ प्रतिशत, कहिलेकाही ३० जना अर्थात् ४८.३ प्रतिशत र सहभागि हुँदिन ११ जना अर्थात् १७.७ प्रतिशत रहेको छ । तालिकामा कहिलेकाही निस्कनेको सङ्ख्या बढि देखियो । घरको कार्य सकेर सामाजिक कार्यमा संलग्न रहेको ९.६ प्रतिशत देखियो ।

# अध्याय पा“च

# दैनिक जीवनयापन र पारिवारिक कार्य प्रक्रियाको विश्लेषण

यस अध्यायमा अध्ययन क्षेत्रका ब्राह्मण र क्षेत्री विवाहित महिला वा बुहारीहरूको दैनिक जीवनयापन र पारिवारिक कार्य प्रक्रियामा परिवर्तनको बारेमा चर्चा गरिएको छ ।

## ५.१ घरपरिवारका सदस्यहरूसँगको सम्बन्ध

समाजशास्त्रीय अध्ययन मानवीय सम्बन्ध एउटा मुख्य भाग रहेको छ । जब एउटी महिला विवाह गरेर अर्को घर जाँदा उनी विभिन्न नातामा बाधिन्छीन् उनी उक्त श्रीमान्को घरमा कसैको बुहारी, कसैको भाउजु, कसैको काकी, कसेको देउरानी, जेठानी जस्ता नातामा जोडिन्छन् । यसरी उक्त घरपरिवारमा रहेका सबै सदस्यसँग राम्रो सम्बन्ध रहेमा घरपरिवार पनि सुखी र खुसी हुन्छ । त्यसैले यस अनुसन्धानकर्ताबाट विभिन्न व्यक्तिहरूको सम्बन्धको खोज गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा पनि यस क्षेत्रमा रहेका बुहारीहरूलाई उनीहरूको घरपरिवारमा रहेका सदस्यसँग कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको जानकारी हाँसिल गर्न खोजिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : उत्तरदाताको घरपरिवारका सदस्यसँगको सम्बन्धको विवरण**

| सम्बन्धको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | द्द | घछ्र |
| ठिकै | द्धण | टद्ध.छ |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

घरपरिवारका सदस्यसँगको सम्बन्धले नै घरपरिवारको अवस्था बारेमा थाहा पाउन सकिन्छ । घरपरिवारका सदस्यसँग सम्बन्ध राम्रो भएमा सबै खुसी र सुखी हुन्छन् । यदि घरपरिवारका सदस्यसँग सम्बन्ध बिग्रीएमा परिवार नै लथालिङ्ग हुन्छ । त्यस्तै माथिको तालिकाबाट यस क्षेत्रका २२ जना अर्थात् ३५.४ प्रतिशत घरपरिवारका सदस्यसँग राम्रो सम्बन्ध छ भने ४०

अर्थात् ६४.५ प्रतिशत घरपरिवारका सदस्यसँग ठिकै सम्बन्ध रहेको जानकारी प्राप्त भएको पाइन्छ ।

## वैयक्तिक अध्ययन एक

*म २९ वर्षीय विवाहित महिला हुँ । मेरो घर यहाँ चमेरी गुफा क्षेत्रमा हो । मेरो माइतिघर जुम्लेटी हो । मेरो माइतीघरका बाबुआमा पढेलेखेको हुनुहुन्छ साथै माइतको अवस्था पनि राम्रो छ मेरो विवाह भएको ९ वर्ष भयो । अहिलेसम्म मेरो छोरा स्कुल जाने भस्क्यो मेरो घरमाश्रीमान्, छोरा, सासुआमा नन्द र देवर हुनुहुन्छ । नन्द र देवरसँग मेरो सम्बन्ध राम्रो छ । झन् नन्द त साथी जस्तै हुनुहुन्छ । देवर भाइजस्तै हुनुहुन्छ । मेरो विवाह गर्दा म १२ कक्षामा पढ्दै थिए । १२ कक्षा पढेर भ्याएपछि म घर नजिकको क्याम्पसमा स्नातक पढाईको लागि भर्ना भए । मेरो पढाइ विवाहपछि रोक्नु परेन र मेरो पढाईमा कहिल्यै पनि बाधा आएन । मेरो श्रीमानले यही व्यापार व्यवसाय गर्नुहुन्छ । सासुआमाले पनि मलार्य छोरी सरह नै माया गर्नुहुन्छ । उहाँ बाबु सानो छँदा पनि मलाई आफ्नो पढाई नरोक भनेर आफैले बाबुको स्याहार गर्नुभयो र मलाई पढाईतर्फ ध्यान देउ भन्नुभयो । हामी घरका सबै मिलेर काम गर्छौं । यसरी मेरो घरमा बुहारी भएर किन पढ्नुपर्‍यो अब राम्रोसँग घर व्यवहार चलाउनु पर्छ । बालबच्चा स्याहार गर्नुपर्छ भन्ने कुरा कहिले पनि आएन ।*

*म तथा मेरो परिवार पढेलेखेको र बुझ्ने भएकाले मलाई घरपरिवारमा खासै समस्या परेको छैन । घरमा भएको बेला म र नन्द मिलेर घरको काम गर्छौं र आमाले बाबुलाई हेर्नुहुन्थ्यो । मेरो स्नातकसम्मका पढाई राम्रोसँग पूरा गरेर बैंकिङ सम्बन्धी तालिम पनि पुरा गरे । त्यसपछि मलाई यहाँ चमेरी गुफा सहकारी स.स्थामा रोजगारीको लागि अवसर प्राप्त गरे । यो कुरा मैले मेरो घरमा राखे सबै जनाले हुन्छ काम गर भन्नुभयो । अहिले म एक गृहणीका साथसाथै रोजगारीमुलक महिला पनि हुँ ।*

## ५.२ श्रीमानसँगको सम्बन्ध

हाम्रो परम्परागत रूपमा चल्दै आएको छ कि एक महिला जुन विवाह भएपछि पराई घर जानुपर्छ आफ्नो जन्मघर छाडेर श्रीमानको घरलाई आफ्नो घर ठानेर बस्नुपर्ने हुन्छ । विवाह नभएसम्म जन्मघर बस्नु पर्ने र विवाहपछि आफ्नो जन्मघर छाडेर श्रीमान्को घर गएर त्यो नै मेरो घर हो भनेर बस्नुपर्ने बाध्यता रहेको हुन्छ । जसमा उसलाई उक्त घरमा

माया, ममताको जरुरत पर्दछ कि उसले आफ्नो जन्म घर ठाउँ, मानिस, सबैलाई बिर्साउनु पर्ने हुन्छ । अझ उसलाई त्यो घरमा सबैभन्दा जरुरत आफ्नो श्रीमानको पर्दछ । श्रीमान्को माया र साथको निकै आवश्यक पर्दछ । श्रीमान्ले तपाईलाई कत्तिको माया गर्नुहुन्छ भनी उत्तरदातालाई जिज्ञासापूर्ण प्रश्न सोधिएको थियो । जसबाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.२ : उत्तरदाताको श्रीमान्सँगको सम्बन्धको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| धेरै राम्रो (सदा सकरात्मक भावना व्यक्त) | घढ | टद्द.छ |
| सामान्य (नकरात्मक धारणा) | द्घ | घट.द्ध |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकालाई हेर्दा श्रीमान्ले आफूप्रति गर्ने व्यवहारालाई ३९ जनाले धेरै राम्रो गर्नुहुन्छ भने सामान्य व्यवहार गर्नुहुन्छ भन्नेमा २३ जना रहेका छन् । यसरी श्रीमान्ले आफूलाई गर्ने माया व्यवहारमा धेरै नै राम्रो परिवर्तन आएको छ जसले गर्दा महिलाहरू आफ्नो घरपरिवारमा राम्रोसँग रहेको देखिन्छ ।

# वैयक्तिक अध्ययन दुई

*म ३८ वर्षकी विवाहित महिला हुँ मेरो माइतीघर लाहाचोक हो । म चौध वर्षकी छदा मेरो बुबाआमाले मलाई किसानसँग विवाह गरिदिनुभयो । र वर्ष पछि छोरीको जन्म भयो । त्यसपछि फेरी अर्को छोरी जन्माई मेरो घरमा सासु,ससुरा, देवर, नन्द हुनुहुन्थ्यो । सानो उमेरमा विहे गरी आए केटाकेटी जस्तै लाग्यो मलाई सबैले माया गर्नुहुन्थ्यो । माइतीघरका बाबुआमाको खासै वास्ता नहुने जस्तो थियो । त्यतिबेला श्रीमान्सँग राम्रोसँग बोल्ने अवस्था हुदैनथ्यो जन्मेको घर छाडेर नयाँ घरमा आउनुपर्ने हामी त्यसैले मनमा सधै कस्तो घर पर्ने हो भन्ने एक किसिमको डर लागिरहन्थ्यो । मेरो भने राम्रो परिवारमा बिहे भएकाले आफु भाग्यमानी भए जस्तो लाग्थ्यो । दुइवटा छोरी तर छोरा नभएकाले छोरा त चाहिने होला जस्तो लाग्थ्यो । मेरो जेठी छोरीलाई लक्ष्मीको रुपमा हेरेर खुसी भए भने त्यसपछि विस्तारै*

*अर्को छोरी जन्मिदा डेढ घर परिवारको व्यवहार फरक जस्तो लाग्थ्यो मलाइ पनि नराम्रो लाग्थ्यो । मेरो श्रीमानले पनि छोरा त चाहिने हो । फलानाको यति भाई छोरा, पल्लो घरको यति दाइजोसँग विहे गऱ्यो भनेर सुनाउनुहुन्थ्यो । त्यो सुन्दा मलाई छाँगाबाट खसे जस्तो हुन्थ्यो । किनकि म सानै थिएँ र बिहे गर्दा मेरो बाबुआमाले  खासै सम्पति दिनुभएन । सुरुमा श्रीमानलेसँग धैरे राम्रो सम्बन्ध थियो र राम्रै व्यवहारमा परिवर्तन भएजस्ता लोग्थ्यो । त्यसैले मैले छोरा हुने आशमा फेरी आमा हुने निर्णय गरे भाग्यवस सानी छोरी भएको ५ वर्षपछि मैले छोरालाई जन्म दिए । छोराको जन्मसँग घरपरिवारमा फेरी खुसीयाली छायो । घरपरिवारको व्यवहार म प्रति फेरी राम्रै हुन लागेको छ । मेरो श्रीमानले पनि मलाई पहिले झै माया र व्यवहार गर्नुहुन्छ । तर अझै पनि छोरीहरूलाई भन्दा छोरालाई धेरै माया गर्नुहुन्छ  । त्यसैले आशितरमा हामी महिलालाई घर परिवार र श्रीमानले माया केलाई दिनुभएको रहेछ केही थाहा पाउन सकेकी छैन ।*

## ५.३ घरको निर्णय प्रक्रिया

प्रायजसो घरको निर्णय गर्ने सम्पूर्ण जिम्मा वा अधिकार घरको पुरुषमा हुने गर्दछ अझ ब्राह्मण क्षेत्री जातिको परिवारमा त झनै महिलाले कुनैपनि कुरामा हस्तक्षेप गरेको मनपराउँदैनन् ।पोथी बासेको राम्रो हुँदैन भन्ने उखान अझै पनि हाम्रो समाजमा यथावत नै छ । केही सानो कुराको लागि पनि हाम्रो समाजका महिलाहरू पुरुषमा निर्भर हुनु पर्ने अवस्था छ । आफ्नो घरपरिवारको लागि निर्णय लिन सक्षम भएतापनि महिलाहरू पुरुषमा नै पूर्ण रूपमा निर्भर भएको पाइन्छ । यस क्षेत्रमा पनि घरको निर्णय प्रक्रियामा महिलाको भूमिका कस्तो हुन्छ त भनेर अध्ययन गरिएको छ जसमा प्राप्त विवरण तल तालिकामा देखाइएको छ ।

**तालिका ५.३ : उत्तरदाताको निर्णय प्रक्रियाको भूमिकाको विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफै निर्णय गर्ने | ठ | ज्ञज्ञ.द्द |
| श्रीमान्ले निर्णय गर्ने | द्द ज्ञ | घघ.ड |
| ससुराले निर्णय गर्ने | द्द घ | घट.ण |
| सबै जना मिलेर | ज्ञज्ञ | ज्ञठ.ठ |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

निर्णय प्रक्रियाको भूमिकामा प्रमुख कसको हात रहेको छ भनी प्रश्न सोधिएकोमा स्वयम् उत्तरदाता ७ जना जुन ११.२ प्रतिशत छ श्रीमान्को तर्फबाट २१ जना जुन ३३.८ प्रतिशत भने ससुराको तर्फबाट २३ जना अर्थात् ३६.० प्रतिशत र सबै जना मिलेर ११ जना अर्थात् १७.७ प्रतिशत निर्णय गर्ने भूमिका हुन्छ भने घरको मुली ससुराको तर्फबाट घर व्यवहार चलाउने अथवा निर्णायक भूमिका बढी रहेको पाइन्छ । समयको परिवर्तन सँगसँगै आजकल घरको निर्णय प्रक्रिया पनि महिलाहरूको सहभागिता वा भूमिका पहिलेको समयमा भन्दा अहिले बढी रहेको छ जसलाई हामीले महिलाप्रतिको सकारात्मक परिवर्तन भन्न सक्छौ ।

## ५.४ सासु ससुराले गर्ने व्यवहार

हरेक घरपरिवारमा सासु-ससुराले आफ्नो बुहारीलाई समान व्यवहार गर्छन् भन्न सकिदैन । समय परिवर्तन सँगसँगै सासु-ससुरा र बुहारी बिचको सम्बन्धमा पनि सकरात्मक परिवर्तन भएको पाइन्छ । यस क्षेत्रका बुहारीहरूलाई पनि सासु-ससुराले कस्तो व्यवहार गर्नुहुन्छ भन्ने प्रश्न सोधिएको थियो जसको उत्तर तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : उत्तरदातालाई सासु ससुराले गर्ने व्यवहारको विवरण**

| सासु ससुराले गर्ने व्यवहार | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ज्ञण | ज्ञट.ज्ञ |
| ठिकै | ढ्ढढ्ढ | ठण.छ्र |
| नराम्रो | ड | ज्ञद्द.ढ |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका हेर्दा सासु-ससुराले १० जना अर्थात् २५ प्रतिशत राम्रो र ४४ जना अर्थात् ७०.५ प्रतिशतलाई ठिकै व्यवहार गर्ने र नराम्रो व्यवहार गर्ने ८ जना अर्थात् १२.९ प्रतिशत पाइयो । हाम्रो समाजमा सासु-ससुराको धारणा एउटै रहेको छैन जसको कारण यस क्षेत्रमा पनि फरक फरक सासु-ससुराले आफ्ना बुहारीलाई फरक फरक व्यवहार गरेको पाइयो ।

## वैयक्तिक अध्ययन तीन

*म ३९ वर्षीय विवाहित महिला हुँ । मेरो माइतीघर अर्घु हो । म २० वर्षकी हुँदा मेरो बुबाआमाले मेरो विहे गरिदिनुभयो । विवाह भएको २ वर्षपछि जेठी छोरीको जन्म भयो । त्यसपछि फेरी अर्को छोरी जन्मिई मेरो दुई छोरीको १० वर्षको फरक छ । मेरो घरमा सासु, ससुरा, दुई वटी नन्द हुनुहुन्थ्यो जेठी नन्दको विहे मेरो भन्दा अगाडि नै भएको थियो । कान्छी नन्द मेरो साथी जस्तै हुनुहुन्थ्यो, माइतिघरको खास वास्ता नहुने जस्तो थियो । हामी घरपरिवार खुसी थियौं । मेरो श्रीमान् त्यतिबेला ठेक्कापट्टामा बाहिरतिर जानुहुन्थ्यो । जन्मेको घरछाडेर नयाँ घरमा आउनुपर्ने हामी राम्रो घर परिवार परेमा आफ्नो भाग्य राम्रो भन्ने र नराम्रो भए भाग्य नराम्रो भन्ने हुन्थ्यो । मेरो दुई छोरी छन् । छोरा छैनन् भोलि छोरा त चाहिने होला जस्तो लाग्छ । हुन त छोराछोरी जे भएपनि एउटै हुन् भनिन्छ तर कहिलेकाँही मलाई नराम्रो लाग्छ । मेरो जेठी छोरी जन्मिदा पहिलो सन्तान लक्ष्मीको जन्म भयो भने सबै जना खुसी थिए तर पछि कान्छी छोरी जन्मीदा सासु-ससुराको व्यवहारमा फरक जस्तो लाग्यो । ससुराले त झन् अर्को सन्तान पनि छोरी नै भयो भनेर धेरै पिर गर्नुभएको थियो । मलाई अहिले पनि मेरो श्रीमान्ले माया त गर्नुहुन्छ र उहाँको व्यवहारमा भने परिवर्तन आएको जस्तो लाग्दैन । हुन त मलाई सिधैं नभनेपनि कहिले काही उहाँहरूको कुरा सुन्दा*

*घरको वंश धान्नका लागि छोरा चाहिन्छ भन्न खोजेको जस्तो लग्छ र मलाई पनि छोरा जन्माउनु पर्छ भने जस्तो लाग्छ जुन अब मेरो उमेरले मलाई दिदैंन । दुई छोरीको बिचमा धेरै अन्तर भएकोले दोस्रो छोरी जन्माउँदा मलाई निकै गाह्रो भएको थियो ।*

*पहिले-पहिले त मेरो सासु ससुराले नाती नभएर खासै दुःख मान्नु भएको जस्तो मलाई लाग्दैनथ्यो तर अहिले समाजका मानिसहरूले घरको वंश मासिने भयो भनेर सुनाइदिने हुनाले आजभोलि नाती नभएकोमा पिर गर्नुहुन्छ र वंश मासिने डर पनि मनमा पसे जस्तो लाग्छ किनभने मेरो सासु ससुराको मेरो श्रीमान् मात्र एक छोरा हुनुहुन्छ । आजकल उहाँहरूको मप्रति गरिने व्यवहारमा पनि परिवर्तन आउँदै गरेको जस्तो मलाई अनुभव हुन्छ । मेरो दोस्रो छोरीलाई पनि मेरो पहिलो छोरीलाई जति माया र स्याहार गरेको जस्तो पनि लाग्दैन । उहाँहरूको इच्छा पूरा गर्न पाए म पनि खुसी हुने थिए तर सो इच्छा पूरा गर्न नसक्ने हुँदा मलाई पनि दुःख लाग्छ ।*

## ५.५ कामको प्रक्रिया

सबै मानिसलाईआफ्नो इच्छा स्वरूपको काम गर्न पाउने अधिकार छ तर हाम्रो नेपाली समाजमा विवाह गरेर आइसकेपछि जब एक महिला बुहारी बन्छे तब उसले आफ्नो इच्छा अनुसारको काम गर्न पाउँदिन किनभने ऊ त्यस घरकी बुहारी हो जसले गर्दा पहिले उसले आफ्नो घरको काम सबै गर्नुपर्छ । यदि ऊ घरबाहिर काम गर्न चाहन्छे भने पनि पहिले घरको काम सकेर मात्र बाहिर हिड्न पाउँछ उसले घरको काम जसरी पनि गर्नुपर्छ चाहे त्यो करकापले होस् या स्वइच्छाले होस् । त्यसैले यस क्षेत्रका बुहारीहरूको कामको प्रक्रिया बारे बुझ्नको लागि उत्तरदातालाई सोधिएको थियो कि तपाईले घरको काम करकापले गर्नुहुन्छ कि स्वइच्छाले जसको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : उत्तरदाताको कामको प्रक्रियाको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| करकापले गर्छु | घट | छ्ड.ण |
| स्वइच्छाले गर्छु | द्ट | द्ध घ.छ |
| **जम्मा** | **टद्द** | **ज्ञ ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका हेर्दा महिलाहरूको कामको विवरणमा करकापले गर्छु भन्ने ३६ जना अर्थात् ५८.० प्रतिशत र स्वइच्छाले गर्छु भन्ने २७ जना अर्थात् ४३.५ प्रतिशत रहेको देखिन्छ । अझ पनि यस क्षेत्रमा करकापले काम गर्ने बुहारीहरूको संख्या बढी नै रहेको देखिन्छ ।

## ५.६ छोरी र बुहारीको भूमिकामा भिन्नता

विवाहलाई एउटा मुख्य त्तवको रुपमा लिइन्छ । जसले महिलाको स्थितिलाई निर्धारण गर्दछ । विवाहबाट नै महिलाको हैसियत र भूमिकामा परवर्तन आउँछ । घरमा बिहे गरेर गएपछि बुहारी भनेको सबैलाई मान्नुपर्ने, घरको अनि मेलापात, गोठको हेरचाह अनि बालबच्चाको हेरचाह सबै गर्नुपर्ने । हाम्रो समाजमा विहे अगाडि छोरीलाई देवीको रुपमा मानिन्छ । खुट्टा ढोगिन्छ, पूजा गरिन्छ भने बिहेपछि तुच्छ व्यवहार गरिन्छ । त्यसकारण बुहारी भनेपछि १२ घण्टा नै काम गर्नुपर्ने हुन्छ । पुरुषहरू जागिरमा जाने प्रवृत्तिले महिलाहरू घर व्यवहार चलाउन बाध्य हुन्छन् । त्यसकारण विवाह अगाडि छोरी हुँदा जति स्वतन्त्रता मिल्छ । विवाह पछि बुहारी हुँदा विभिन्न पारिवारिक बन्धनमा रहनु पर्ने बाध्यता हुन्छ यसकारण पनि छोरी र बुहारीको भूमिकामा भिन्नता रहेको देखिन्छ । बुहारी भनेको अर्काको घर खान आएको हो एक किसिमको काम गर्ने मान्छे हो भन्ने धारणा व्याप्त रहेको पाइन्छ । यस अध्ययनमा पनि ब्राह्मण क्षेत्री समुदायमा बुहारीहरूलाई सोधिएको थियो कि तपाईलाई बुहारी भएर रहँदा बन्धन जस्तो लाग्छ कि लाग्दैन ? त्यसबाट पाइएको उत्तरहरू तालिका मार्फत् नै देखाइएको छ ।

**तालिका ५.६ : छोरी र बुहारीको भूमिकामा भिन्नता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भिन्नता हुन्छ | द्धज्ञ | टटज्ञ |
| समान नै हुन् | द्दज्ञ | घघड |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

एउटी छोरी जब बुहारीको रुपमा अर्को घर जान्छे उसलाई छोरी हुँदा जस्तो स्वतन्त्रता बुहारी हुँदा पाउँदिन त्यसैले उसलाई बुहारी हुँदा बन्धन जस्तो लाग्नु स्वभाविक हो । यस क्षेत्रमा पनी छोरी बुहारीमा भिन्नता हुन्छ भन्नेमा ४१ जना अर्थात् ६६.१ प्रतिशत र समान नै हुन् भन्नेमा २१ जना अर्थात् ३३.८ प्रतिशत रहेको पाइयो ।

## ५.७ बुहारीको दैनिकी

ब्राह्मण क्षेत्र परिवारमा घरको बुहारी बिहान सबैभन्दा छिटो उठ्नुपर्ने चलन हाम्रो समाजमा अझै पनि यथावत रहेको पाइन्छ । जति छिटो बुहारी उठेर घरको दैलो कुचो, पूजा आर्जन गर्दछन् लक्ष्मीको बास पनि त्यही घरमा हुन्छ भन्ने मान्यता कायमै रहेको छ । बुहारी भएर ढिलोसम्म सुतेको रुचाउँदैनन् । बुहारी छिटो उठेर आफ्नो घरको घरधन्दा तर्फ लाग्नुपर्ने हुन्छ । यस अध्ययनमा पनि विवाहित महिला वा बुहारीलाई कति बजे उठ्नुहुन्छ भनि प्रश्न गरिएको थियो जसको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : उत्तरदाताको दैनिकी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ४-५ बजे | ढ | ज्ञद्ध.छ |
| ५-६ बजे | घट | छ्ड.ण |
| ६-७ बजे | ज्ञठ | द्दटद्ध |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

अध्ययन क्षेत्रका महिलाहरू मध्ये बिहान ४-५ बजे उठ्ने ९ जना अर्थात् १४.५ प्रतिशत, ५-६ बजे उठ्ने ३६ जना अर्थात् ५८.० प्रतिशत र ६-७ बजे उठ्ने १७ जना अर्थात् २७.४ प्रतिशत रहेको पाइयो । सबैभन्दा धेरै ३६ जना ५-६ बजे उठ्ने पाइयो ।

## ५.८ बुहारीको भूमिका

विवाह गरेर आइसकेपछि महिलाको हैसियत र भूमिकामा परिवर्तन आउँदा बुहारी भइसकेपछि उसले घरको सम्पूर्ण कामहरूको जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । उनीहरू घरमा सबै भन्दा छिटो उठ्नु पर्ने र राती नसुतुन्जेलसम्म घरधन्दा गर्नुपर्ने हुन्छ । अझ पहिले ब्राह्मण क्षेत्री परिवारमा बुहारी भएपछि बिहान उठेर श्रीमान्को खुट्टाको जल खाने र सासुससुरालाई ढोगेर मात्र अन्य कामको सुरुवात गर्दथे तर वर्तमान समयमा यस्तो चलन हट्दै गएको छ । तर पनि उनीहरूको सबैभन्दा पहिलो जिम्मेवारी भनेको उनीहरूको घरपरिवारप्रति नै हुन्छ । बुहारी भइसकेपछि आफ्नो सबै समय घरभित्रको काम, परिवारको हेरचाह, खेतिपाती र बाल बच्चाको स्याहार सुसारमा नै बिताउनुपर्ने बाध्यता अझै पनि हाम्रो समाजमा रहेको पाइन्छ । त्यसैकारण यो अध्ययन गर्ने क्रममा उत्तरदातालाई घरको मुख्य जिम्मेवारीको बारेमा प्रश्न गरिएको थियो । जसलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.८ : उत्तरदाताको मुख्य भूमिका**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| घरभित्रको र परिवारको काम | द्दण | घद्द.द्द |
| घरको काम र बच्चाबच्ची हेर्ने | द्दढ | 477.ठ |
| बच्चाबच्ची, गाईवस्तु र घरायसी काम | ज्ञघ | द्दण.ढ |
| **जम्मा** | **टद्द** | **ज्ञण्ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

अध्ययन क्षेत्रका महिलाहरू घरभित्र र परिवारको काममा २० जना पाइयो । जुन कुल घरधुरी सङ्ख्या ३२.२ प्रतिशत हुन आउँछ । घरको काम र बच्चाबच्ची हेर्ने काममा २९ जना अर्थात् ४६.७ प्रतिशत साथै बच्चाबच्ची, गाईबस्तु र घरायसी काम गर्नेमा १३ जना अर्थात् २०.९ प्रतिशत रहेको पाइयो ।

## ५.९ घरको कामकाजमा बिताउने समय

बुहारी भनेको घरको इज्जत हुन उनीहरू घरभित्रको काममा मात्र सीमित रहनुपर्छ भन्ने पुरानो मान्यता हाम्रो समाजमा विस्तारै परिवर्तन हुँदै आएको पाइन्छ । पहिलेको बुहारीहरू घर परिवारको काममा मात्र सीमित रहेकाले आफ्नो सम्पूर्ण समय घर परिवारको काममा बिताउथे । तर अहिले महिला वा बुहारीहरू विभिन्न आर्थिक क्षेत्रमा लागेर आफ्नो आर्थिक स्थिति सुधार गर्नेतर्फ लागेका पाइन्छ । उनीहरूले घरको काम र आफ्नो अन्य क्षेत्रको लागि समय विभाजन गरेको पाइन्छ तर बुहारी जति अन्य क्षेत्रमा लागे पनि उसले आफ्नो घरको सम्पूर्ण काम आफै गर्नुपर्ने चलन हाम्रो समाजमा अझै पनि रहेको पाइन्छ । बुहारी बिहान उठेर आफ्नो घरको सम्पूर्ण काम गरिसके र अन्य आर्थिक क्षेत्रमा जाने र आफ्नो रोजगारी क्षेत्रबाट काम सकेर पुनः घर फर्किएर आफ्नो घरको काम गरेर आफुले बुहारीको भूमिका निभाउनु पर्ने हुन्छ ।यस अक्षेत्रका महिला हरूलाई अन्य क्षेत्रमा बाहेक घरमा कति घण्टा काम गर्नु हुन्छ भने सोधिएको प्रश्नको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९ : उत्तरदाताको घरको कामकाजमा बिताउने समय**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ४-९ घण्टा | द्ध | ट.द्ध |
| ९-१३ घण्टा | द्द ण | घद्द.द्द |
| १३-१७ घण्टा | घड | टठ.द्द |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

अध्ययन क्षेत्रका महिलाहरूले अन्य क्षेत्रमा बाहेक घरको काम मात्र गर्ने समय ४-९ घण्टा जसमा ४ जना अर्थात् ६.४ प्रतिशत, ९-१३ घण्टा जसमा २० जना अर्थात् ३२.२ प्रतिशत र १३-१७ घण्टा जसमा ३८ जना अर्थात् ६१.२ प्रतिशत रहेको पाइयो । अझै पनि हाम्रो समाजमा घरमा मात्र काम गर्नेको संख्या बढी रहेको पाइयो ।

## ५.१० बुहारीको सुत्ने समय

बिहानदेखि राती सम्म घरभित्रको सम्पूर्ण कार्य बहारीले गर्नुपर्छ जसले गर्दा हरेक बुहारीले गर्नुपर्छ जसले गर्दा हरेक बुहारीहरू बिहान छिटो खाना खाने, छिटो सुत्ने गरेको पाइन्छ । बुहारी भएर छिटो खाना खाने छिटो सुत्ने गरेको परिवारले मन पराउँदैनन् त्यसैले बुहारीहरूले घरपरिवारको काम बढी गर्नुपर्ने हुन्छ । यस क्षेत्रका उत्तरदातालाई पनि राती कति बजे सुत्नुहुन्छ भनी प्रश्न गरिएको थियो जसको उत्तर तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१० उत्तरदाताको सुत्ने समय**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ९- १० बजे | ड | ज्ञ्द.ढ |
| १०-११ बजे | द्ध ण | टद्ध.छ |
| ११-१२ बजे | ज्ञ्द्ध | द्द.छ |
| **जम्मा** | **टद्द** | **ज्ञण ण** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

अध्ययन क्षेत्रमा राती ९-१० बजे सुत्ने ८ जना अर्थात् १२.९ प्रतिशत, १०-११ बजे सुत्ने ४० जना अर्थात् ६४.५ प्रतिशत र ११-१२ बजे सुत्ने १४ जना अर्थात् २२.५ प्रतिशत रहेको पाइयो ।

## ५.११ महिलाको वैवाहिक स्थिति

विवाह एउटा मुख्य त्तवको रूपमा लिइन्छ । जसले महिलाको स्थितिलाई निर्धारण गर्दछ । विवाहबाट नै महिलाको हैसियतमा भूमिकामा परिवर्तन आउँछ । विवाह अघि छोरी विवाह पछि बुहारी अनिवार्य हुन्छ । छिटो विवाह गर्ने परम्परा हिनदु समाज वा नेपाली समाजको विशेषता नै हो भन्दा पनि फरक पर्दैन । छिटो विवाह कै कारण उच्च प्रजनन दर, उच्च मृत्युदर र औसत आयु कम हुने सम्भावना हुन्छ ।

महिलाको वैवाहित स्थितिले उनीहरूलाई पूर्ण रूपमा अरुको नियन्त्रणमा रहन बाध्य बनाउँछ । विवाह पछाडि महिलाहरू आफ्नो श्रीमानको इच्छा अनुरूप चल्नुपर्ने हुन्छ । सम्पत्तिमा त्यति स्वामित्व देखिँदैन । यस क्षेत्रका महिलालाई विशेष गरेर गृहणीतालाई नै प्रमुखता दिएको छ । हुन त यस क्षेत्रका महिलाहरू पढेलेखेका शिक्षित छन् धेरै जसो गृहणी छन् भने कोही कोही गृहणीका साथै रोजगारी व्यवसायमा पनि ाबद्ध रहेका छन् । यो समाज पनि नेपाली समाज नै हो जुन पितृसत्ताबाट मुक्त छैन । परिपक्व भएपछि विहे गर्ने कुराको विकास भइसकेको देखिन्छ तर पनि छोरीको विवाह छिटो नै गरिदिंदा राम्रो हुन्छ भन्ने विश्वास गरेको पाइन्छ ।

# अध्याय छ

## सारांश, निष्कर्ष र सुझाव

### ६.१ सारांश

यस शोधपत्र कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. १६, बाटुलेचौरको चमेरी गुफा मार्गका ब्राह्मण क्षेत्री परिवारका बुहारीको अवस्थाको अध्ययन गरिएको छ । यस अध्ययनमा ब्राह्मण क्षेत्री परिवारका बुहारीको सामाजिक आीर्थक स्थिति कस्तो छ? बुहारीलाई सासु ससुराले कस्तो व्यवहार गर्छन् जस्ता कुरालायृ यस अध्ययनको समस्या मानी सोसँग सम्बन्धित भई अध्ययन अगाडि बढाइएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरू ब्राह्मण क्षेत्री परिवारका बुहारीको सामाजिक आर्थिक स्थिति पत्ता लगाउने र दैनिक जिवनयापन एवम् पारिवारिक कार्य प्रक्रियाा बुहारीको हालको स्थितिलार्य बाहिर ल्याउने काम गर्नु आफैंमा महत्व रहेको छ । साथै यो अध्ययनले यस्तै किसिमका अन्य विषयमा अध्ययन गर्न खोज्ने व्यक्ति, सरकारी र गैर सरकारी संस्थालाई सहयोग पुऱ्याउँछ भन्ने आशा गर्न सकिन्छ । यो अध्ययन ब्राह्मण क्षेत्री जातिका बुहारीमा मात्र सीमित अन्य जातिलाई समेटिएको छैन ।

यस अध्ययनमा ६२ घरपरिवारसँग सम्बन्धित रहेर प्रत्येक घरका १६-४० वर्ष उमेरका विवाहित महिललाई लिइएको छ । एकै वडाका प्रत्येक ब्राह्मण क्षेत्रीको घरधुरी समेटिएकोले जनगणना विधि अवलम्बन गरि वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । समग्र र नमुना छनोटका आधारमा गरिएको यस अध्ययनमा तथ्याङ्कको प्रकृति र स्रोत अन्तर्गत प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनलाई अझैं प्रभावकारी बनाउनको लागि वैक्तिक अध्ययन गरी आवश्यकता अनुसार तथ्याङ्कलाई तालिकिकरण गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## अध्ययनका मुख्य उपलब्धिहरू

- महिलाहरूको उमेरको हिसाबले १५–२० वर्षमा ३ जना, २०-२५ वर्षमा ५ जना, २५-३० वर्षमा १८ जना, ३०-३५ वर्षमा २२ जना र ३५-४० वर्ष उमेरका १४ जना रहेको पाइयो ।
- उत्तरदाताको जातिको संख्यालाई भन्नुपर्दा ब्राह्मण जातिको संख्या २० र क्षेत्री जातिको संख्या ४२ घर रहेका छन् ।
- १०० प्रतिशत हिन्दु रहेको पाइयो ।
- उत्तरदाताको पारिवारिक शैक्षिक स्थितिको बारेमा १-५ समम ५ जना अर्थात् ८.० प्रतिशत, ६-१० सम्म १५ जना अर्थात् २४.१ प्रतिशत, एस.एल.सी. सम्म २० जना अर्थात् ३२.२ प्रतिशत, +२ कक्षसम्म १६ जना अर्थात् २५.८ प्रतिशत, स्नातक सम्म ४ जना अर्थात् ६.४ प्रतिशत र स्नातकोत्तरसम्म २ जना अर्थात् ३.२ प्रतिशत रहेको पाइयो ।
- परिवारको प्रकारको बारेमा भन्दुपर्दा एकल परिवारको संख्या २४ अर्थात् ३८.० प्रतिशत र संयुक्त परिवार ३८ घर अर्थात् ६१.२ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताको परिवारमा घरमूलिको बारेमा भन्दा ३० जना सासु ससुरा घरमूलि, १८ जना श्रीमान् घरमुलि र उत्तरदाता महिला ५ जना घरमुलि रहेको पाइयो ।
- उत्तरदाताको विवाह भएको समयलाई लिदा ५ वर्षभन्दा तल ४ जना, ५-१० वर्षसम्मका १३ जना, १०-१५ वर्षसम्मका १७ जना, १५-२० वर्षसम्मका २३ जना र २०-२५ वर्षसम्मका ५ जना रहेका छन् ।
- पेशाको बारेमा भन्नुपर्दा ७१.० प्रतिशत व्यापार, वैदेशिक रोजगार, निजी क्षेत्रको जागिर, सेनामा रोजगार, निजामति सेवामा रहेको पाइन्छ भने २९.० प्रतिशत कृषिमा देखियो ।
- उत्रदाताको कामको विवरण हेर्दा घर भित्रको काममा ३४ जना, कृषि क्षेत्रमा ९ जना, व्यापारी व्यवसायमा १३ जना र रोजगार क्षेत्रमा ६ जना रहेको पाइयो ।
- सामाजिक कार्यमा आवद्ध भएका महिलाहरूमा सक्रिय छु भन्नेमा छ जना अर्थात् ९.६ प्रतिशत, सामान्य सक्रियमा १५ जना अर्थात् २४(१ प्रतिशत, कहिलेकाही सक्रिय हुनेमा ३० जना अर्थात् ४८.३ प्रतिशत र सहभागी नै हुँदिन भन्नेमा ११ जना अर्थात् १७.७ प्रतिशत भेटियो ।

- घरपरिवारका सदस्यहरूसँगको सम्बन्ध सोधिएको थियो जसमा २२ जना अर्थात् ३५.४ प्रतिशत राम्रो र ४० जना अर्थात् ६४.५ प्रतिशत ठिकै भन्ने पाइयो ।
- महिलाहरू श्रीमान् र घरपरिवारको आडमा रहने कारण आफ्नो श्रीमान्सँगको सम्बन्ध कस्तो छ भनी सोधिएकोमा ३९ जनाले धेरै राम्रो व्यवहार गर्नुहुन्छ र २३ जना सामान्य व्यवहार गर्नुहुन्छ भन्ने पाइयो ।
- निर्णय भूमिकाले बारेमा भन्नुपर्दा ११.२ प्रतिशत आफ्नै निर्णय रहने, ३३.८ प्रतिशत श्रीमान्को ३६.० प्रतिशत ससुराको र १७.७ प्रतिशत सबैको निर्णय हुने पाइयो ।
- उत्तरदातालाई सासु-ससुराले गर्ने व्यवहारको बारेमा प्रश्न सोधिएकोमा १० जना अर्थात् २५.० प्रतिशत राम्रो र ४४ जना अर्थात् ७०.५ प्रतिशत ठिकै भन्ने पाइयो ।
- उत्तरदाताको कामको प्रक्रियामा भन्नुपर्दा करकापमा काम गर्नेको संख्या ३६ जना अर्थात् ५८.० प्रतिशत र स्वइच्छाले काम गर्नेको संख्या २७ जना अर्थात् ४३.५ प्रतिशत भेटियो ।
- छोरी बुहारीमा भिन्नता हुन्छ भन्ने उत्तरदातालाइ सोधिएको प्रश्नको जवाफको कूल उत्तरदाता ६२ जना मध्ये ४१ जना अर्थात् ६६.१ प्रतिशत र समान नै हुन्छन् भन्नेमा २१ जना अर्थात् ३३.८ प्रतिशत पाइयो ।
- बिहान उठ्ने समयको बारेमा भन्नुपर्दा ४-५ बजे उठ्ने ९ जना अर्थात् १४.५ प्रतिशत, ५-६ बजे उठ्ने ३६ जना अर्थात् ५८.० प्रतिशत र ६-७ बजे उठ्ने १७ जना अर्थात् २७.४ प्रतिशत रहेको पाइयो ।
- घरको मुख्य जिम्मेवारी घरभित्र र परिवारको काममा २० जना अर्थात् ३२.२ प्रतिशत, घरको सम्पूर्ण काम र बच्चाबच्ची हेर्नेमा २९ जना अर्थात् ४६.७ प्रतिशत साथै बच्चा बच्ची, गाईवस्तु र सम्पूर्ण काममा १३ जना अर्थात् २०.८ प्रतिशत पाइयो ।
- उत्तरदाताले घरभित्रको काम गर्ने समयको बारेमा भन्नुपर्दा ४-९ घण्टा काम गर्नेको संखया ४ जना अर्थात् ६.४ प्रतिशत, ९-१३ घण्टा काम गर्ने २० जना अर्थात् ३२.२ प्रतिशत र १३-१७ घण्टा काम गर्ने ३८ जना अर्थात् ६१.२ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरू राती सुत्ने समयको बारेमा भन्नुपर्दा राती ९-१० बजे सुत्ने ८ जना अर्थात् १२.९ प्रतिशत, १०-११ बजे सुत्ने ४० जना अर्थात् ६४.५ प्रतिशत र ११-१२ बजे सुत्ने १४ जना अर्थात् २२.५ प्रतिशत रहेको भेटियो ।

## ६.२ निष्कर्ष

हिन्दु धर्मको बाहुल्यता भएको हाम्रो समाजमा नियम संस्कार कडा रहेको कारणले समाजमा महिलाको अवस्थामा पूर्ण रुपमा परिवर्तन हुन नसकेको पाइयो । व्यक्तिगत, सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रहरूमा केही सुधार भएता पनि उनीहरूको अवस्था अझै पनि कमजोर नै रहेको पाइयो । घर निर्णय प्रकृयामा सासु-ससुराको भूमिका बढी रहेकाले पुरानो चलनलाई परिवर्तन गर्दै नयाँ चलन चलाउनु पर्ने देखियो । घरपरिवारको कामकाजमा अल्झिएर बस्नुपर्ने भएका कारणले गर्दा बुहारीहरू सामाजिक कार्यमा त्यत्ति सक्रिय हुन नपाएको देखियो । वर्तमान समयमा बुहारीको घरपरिवारका सदस्यहरूसँगको सम्बन्धमा धेरै सुधार भएको पाइयो ।

हाम्रो समाजमा परम्परागत सामाजिक दृष्टिकोण, लैङ्गिक विभेद, आर्थिक स्रोतमा महिलाको पहुँच कम रहनु, निर्णय प्रक्रियामा उनीहरूको सहभागिता न्यून रहनु, व्यवहारिक शिक्षाको व्यवस्था गर्न नसक्नुको कारणले गर्दा अझै पनि महिलाको अवस्था कमजोर नै रहेको पाइयो । त्यसैले अब विस्तारै महिलाहरूको स्तर, उनीहरूलाई उत्साहीत गरी प्रत्येक क्षेत्रमा पुरुष सरह लैजानु पर्ने तथ्यहरू पाइयो । छोराछोरी, छोरी बुहारी समान कष्ट भन्ने धारणाको विकास गराउने चेतनामुलक कार्यहरू समाजले र राज्यले अवलम्बन गर्नुपर्ने पाइयो ।

घर निर्णय प्रक्रियामा सासु/ससुराको भूमिका बढी रहेकाले पुरानो चलनलाई परिवर्तन गर्दे नयाँ चलन चलाउनु पर्ने, राज्यको उच्च निकायदेखि निम्न तहसम्म सुधार गरिनुपर्ने, महिलाहरूलाई उत्साहित गरी प्रत्येक क्षेत्रमा पुरुष सरह लैजानु पर्ने तथ्यहरू पाइयो । छोरा छोरी र बुहारी समान हुन् भन्ने धारणाको विकास गराउन चेतनामुलक कार्यहरू राज्यले समाजले अवलम्बन गर्नुपर्ने पाइयो ।

## ६.३ सुझावहरू

- महिला जतिसुकै परिवर्तन हुन खोजे तापनि हाम्रो समाजमा जरो गाडेको पितृसत्तालाई अलि खुकुलो पार्नुपर्ने देखिन्छ ।
- महिलाहरूप्रति गरिने व्यवहारमा परिवर्तन त आएको छ अब उनीहरूप्रतिको धारणामा पनि विस्तारै परिवर्तन गर्नुपर्ने देखिन्छ ।
- बुहारीप्रति रहेका सबै प्रकारका नकरात्मक सोचलाई सबै मिलेर परिवर्तन गर्नुपर्दछ ।
- महिलाहरूलाई पनि उनीहरूको शिक्षा अनुसारको रोजगारी क्षेत्रमा लाग्ने अवसर प्रदान गर्नुपर्दछ ।

# सन्दर्भसूची


अधिकारी, यज्ञप्रसाद (२०५६), *सामाजिक न्याय नेपालको सन्दर्भ,* प्रजातन्त्र सम्बर्द्धन केन्द्र, काठमाडौँ ।

आचार्य, बलराम (२०७१), *लैङ्गिक र महिलावादी अध्ययन,* नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौ ।

अर्याल, भोजेन्द्र (२०६२), *लैङ्गिक अध्ययन,* कीर्तिपुर, काठमाडौः दीक्षान्त पुस्तक प्रकाशन, नेपाल बागी अफसेट प्रेस ।

उप्रेती, लयप्रसाद (१९८९), *वीमिन एण्ड क्रेडिट इन नेपाल : सम अब्जरवेसन अफ एचिभमेण्टस एण्ड लिमिटेसन्स इन नेटवर्कर,* काठमाडौ ।

चौलागाई, तिलप्रसाद र पोखेल, नानीराम (२०६०), *लैङ्गिक अध्ययन,* कीर्तिपुर, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

तामाङ, सेरा (२००४), *नेपालमा विकासे नारीवाद र लेखन : नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* मेरी डेसेन, प्रत्युसवन्त, सोसल साइन्स वहा ।

थापा, कृष्णबहादुर (१९८५), *विमिन एण्ड सोसियल चेञ्ज इन नेपाल,* काठमाडौः पब्लिस बाई अम्बिका थापा ।

दशौं योजना (२०५९-२०६४), *राष्ट्रिय योजना आयोग २०५९,* काठमाडौं ।

नेपालमा महिलाहरूको कानूनी स्थिति एक अध्ययन (२०५९), कानून अनुसन्धान केन्द्र, काठमाडौ ।

नेपाल अधिराज्यको संविधान (२०४७), भक्तपुर : शीतल शुलभ प्रकासन ।

नेपालको अन्तरिम संविधान (२०६३), पुतलीसडक, काठमाडौ : बौद्धिक दर्पण प्रकाशन ।

बोउवार द सीमोन (२०६०), *दी सेकेण्ड सेक्स,* “अनुवादक रमेश सुनुवार, काठमाडौः प्रगति पुस्तक सदन ।

भण्डारी, के.पी. (२०६०), समाजका नमुनाहरू, श्याम पुस्तक भण्डार, विराटनगर ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो?* न्यूदिल्लीः कालीफर वीमन ।

भासिन, कमला (१९९३), *आखिर जेण्डर के हो त ?* काठमाडौ : स्त्री साथी ।

भट्टराई, दोघेनारायण (२०६०), *नेपाली महिलाहरूको हैसियत,* मकवानपुर जिल्ला हेटौडा नगरपालिका वडा नं. ९का महिलाको हसियत सम्बन्धी एक अध्ययन ।

माइत्रा, जुलिया क्लेभेज (१९९३), *हाफ दी वल्ड हाफ दी चान्स,* अक्सफाम्स पब्लिकेशन ।

मार्सल, गोरडोन (१९९८), *डिक्सनरी अफ सोसिओलोजि,* न्यू दिल्ली : अक्सफोर्ड युनिभरसिटी प्रेस ।

मार्सल, गोरडेन (२००४), *डिक्सनरी अफ सोसिओलोजी,* अक्सर्फड युनिभर्सिटी प्रेस : न्यू दिल्ली ।

विष्ट, डोरबहादुर (२००५), *सबै जातको फूलबारी,* काठमाडौं: हिमाल किताब ।

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौं: साझा प्रकाशन ।

*वेनेट, लीन (१९८३),* डेन्जरस वाइफस् एण्ड सेक्रेट सिस्टरस, न्यूयोर्क: कालम्बिया युनिर्भसिटी प्रेस ।

मुलुकी ऐन (२०२०), पैरवी प्रकाशन, काठमाडौ ।

मोस्से, जुलिया क्लेभेज (१९९३), *हाफ दी वल्ड हाफ दी चान्स,* अक्सफाम पब्लिकेसन ।

मेहता, चेतन (१९९६), *महिला एवम् कानून,* आशिष पञ्जावी हाउस, न्यू दिल्ली ।

रीटजर, जर्ज (१९९६), *मोर्डन सोजियोलोजिकल थिओरी,* न्यू दिल्ली ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं: साझा प्रकाशन ।

सुवेदी, मधुसुदन (२०५६), *हिन्दु विवाहको इतिहास,* सानेपा, ललितपुर: श्रीमती सानुमैया सुवेदी, बैकुण्ठ तथा दामोदर सुवेदी ।

Benne Q, Lynn (1981). *Tradition and change in the legal status of women in Nepal.* Kathmandu : CEDA, T.U.

Luitel, Samira (1992). *Women in development.* Kathmandu : Author.

The Global Gender Gap Report (2013). World Economic forum.pp. 12-13 .

http://southaisa.oneworld.net/todayshe adlines Nepalbans-dowry-caste-based-discriminations

# अनुसूचि १

१. सामान्य परिचय

घरमुलीको नाम, थरः उत्तरदाताको नामथरः

ठेगानाः घरमुलीसँगको सम्बन्धः

उमेरः शिक्षा

पेशाः धर्मः भाषाः जातजातिः

परिवारको प्रकारः एकल ( ) संयुक्त ( )

२. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

.....................................................................................................

३. तपाईको विवाह भएको कति समय भयो ?

१-५ वर्ष ५-१० वर्ष १०-२० वर्ष

४. तपाई विहान कति बजे उठ्नुहुन्छ ?

४-५ बजे ५-६ बजे ६-७ बजे

६. तपाईलाई श्रीमानले कतिको माया गर्नुहुन्छ ?

धेरै गर्नुहुन्छ अलिअलि गर्नुहुन्छ गर्नुहुन्न

७. दिनमा कति घण्टा काम गर्नुहुन्छ ?

५-१० १०-१२ १२-१५

८. धेरै काम गर्दा थकाईको महशुस हुन्छ कि हुँदैन ?

हुन्छ हुदैन

९. तपाईले घरमा सम्हाल्नुपर्ने कामहरू के-के हुन् ?

घर भित्रको काम घर बाहिरको काम दुवै काम

१०. तपाईले घरको काम गर्दा कसैको करकापले गर्नुहुन्छ की स्वइच्छाले गर्नुहुन्छ ?

करकापले गर्छु स्वइच्छाले गर्छु

११. तपाई आफ्नो घरको काम सिध्याए पश्चात् कति बजे सुत्नुहुन्छ?

.....................................................................................................

१२. सासुससुराले गर्ने व्यवहार कस्तो पाउनु भएको छ ?

धेरै राम्रो राम्रो ठिक्क नराम्रो

१३. तपाईका देवर जेठाजु हुनुहुन्छ ?

हुनुहुन्छ हुनुहुन्न

१४. हुनुहुन्छ भने तपाईलाई कस्तो व्यवहार गर्नुहुन्छ ?

राम्रो ठिक्क नराम्रो

१५. छोरी र बुहारीमा फरक देख्नुभएको छ ?

छ छैन

१६. छ भने किन

............................................................................................................

१७ छैन भने कसरी छैन भन्न सक्नुहुन्छ ?

............................................................................................................

१८. तपाईको परिवारका सदस्यसँग सम्बन्ध कस्तो छ?

राम्रो ठिकै नराम्रो

१९. तपाईको कुनै कुरामा निर्णय चल्छ ?

चल्छ अलिअलि कति पनि चल्दैन

२०. बुहारी भएर रहँदा बन्धन जस्तो लाग्छ ?

लाग्छ लाग्दैन

२१. तपाईको छिमेकीहरूले तपाईलाई कस्तो व्यवहार गर्नुहुन्छ ?

राम्रो ठिकठिकै नराम्रो

२२. तपाईको टोलमा आमासमूह संगठित छ ?

छ छैन

२३. तपाईले बुहारी भएकोले कुनै पारिवारिक हिंसा सहनु परको छ ?

छ अलिअलि छैन

२४. घरबाहिर सामाजिक काममा कतिको सहभागी हुनुहुन्छ ?

धेरै कहिलेकहिले कहिल्यै पनि हुँदिन

२५. कुनै तालिम लिनुभएको छ ?

छ छैन

२६. प्रजनन स्वास्थ्य सम्बन्धी केही थाहा छ ?

छ केही थाहा छ छैन

२७. छोराछोरी बिच गरिने भेदभाव राम्रो हो ?

हो होइन

२८. तपाइको बिचारमा बुहारीप्रति र छोरीप्रति व्यवहार कस्तो हुनुपर्दछ ?

समान असमान

२९. तपाईको घरमा भएका आम्दानीका स्रोतहरू बताइदिनुहुन्छ ?

.........................................................................................................

३०. तपाईको श्रीमान्‌को पेशा के होला ?

शिक्षक सेनामा कार्यरत व्यापारी कृषक

३१. तपाईको परिवारको मासिक आम्दानी कति हुन्छ ?

५-१०००० १०-१५००० १५-३०००० ३० हजार माथि

३२. बचत कति हुन्छ ?

२-५००० ५-८००० ८-१००००

३३. परिवारको आम्दानीले कति समय खान पुग्छ ?

३-६ ६-९ ९-१२

३४. घरव्यवहार कसले चलाउछ ?

ससुराले श्रीमान्‌ले आफैले सबै जना मिलेर

३५. तपाईको विचारमा बुहारीलाई शिक्षा दिन ठिक कि दाइजो ?

शिक्षा दाइजो

३६. पूजाआर्जन कति गर्नुहुन्छ ?

गर्छु कहिलेकाही गर्दिन

३७. साँस्कृतिक कार्यक्रममा कतिको बाहिर जान पाउनुहुन्छ ?

थोरै मात्रामा खासै पाउदिन पाउछु

३८. चाडपर्व मनाउँदा खुसी हुनुहुन्छ कि हुनुहुन्न नि ?

हुन्छु हुँदिन

३९. धर्मले महिलालाई कति सम्म बन्धन राख्छ या राख्दैन ?

राख्छ राख्दैन

४०. तपाईको विवाह भएको ५ वर्ष अगाडी र हाल घरमा गरिने व्यवहारमा परिवर्तन आएको छ ?

छ छैन

४१. छ भने कस्तो परिवर्तन आएको छ र छैन भने किन आउन सकेन ?

.........................................................................................................

४२. तपाईले पहिले के काम गर्नुहुन्थ्यो र अहिले के काम गर्नुहुन्छ ?

.........................................................................................................

४३. पुरानै संस्कार मान्नु पर्ने वा त्यसमा सुधार गर्नुपर्ने के लाग्छ तपाईलाई ?

सुधार गर्नुपर्ने सुधार गर्नुपर्दैन

*समाप्त*

# अध्याय पाँच

# ब्राहमण क्षेत्री परिवारमा बुहारीहरूप्रतिको धारणा

नेपाल एक धर्म निरपेक्ष राज्य भनेर घोषणा भै सकेको छ । तर अझै पनि हाम्रो नेपाली समाजमा हिन्दुहरूको बाहुल्यता रहेको छ । विभिन्न जातजातिहरूमा अरु धर्म मान्ने भन्दा हिन्दु धर्म मान्ने व्यक्ति वा समाज बढी रहेको छ । यसैमा पनि अझ ब्राहमण क्षेत्री समुदायमा हिन्दु धर्म मान्ने नै हुन्छन् । त्यसैले पनि यस समुदायमा नियम, संस्कार कडा भएको पाइन्छ । सिङ्गो विश्वमा नै छोरा र छोरीमा विविधता भएको हुन्छ । छोरी र बुहारीमा पनि त्यस्तै खालको भिन्नता रहेको पाउँछौँ । त्यसैले यस अध्ययनमा पनि ब्राहमण क्षेत्री जातिको परिवारमा बुहारीहरूलाई केन्द्रित गरी घरपरिवार समाजले उनीहरूप्रती गरिने ब्यवहारको बारेमा जानकारी लिन खोजिएको छ । अतः यो शोधकार्यको अझ मुख्य उद्धेश्य भन्नु नै यो समाजमा विवाहित महिलाप्रति कस्तो धारण रहेको छ भन्ने अध्ययन गर्नु हो ।

## ५.१ घरपरिवारले समाजमा पारेको प्रभाव

मानिस सबैभन्दा पहिले जन्मेको ठाउँ भनेको नै उसको घरपरिवार हो । व्यक्ति–व्यक्ति मिलेर घरपरिवारको निर्माण हुन्छ । त्यसरी नै घर–घर मिलि समुदाय, समुदाय समुदाय मिलेर समाजको निर्माण हुन्छ । समाज भनेको यस्तो ठाउँ हो जहाँ सबै मानिसहरू एकजूट भएर बसेका हुन्छन् । समाजबिना मानिसको अस्तिव नै हुदैन भन्दा केही फरक नपर्ला । समाजका सबै मानिसहरू मिलेर समाजको विभिन्न कार्यमा संलग्न भएर नै समाजलाई प्रगत्तिर्फ वा विकासतर्फ लैजान सकिन्छ तर पनि हाम्रो समाजमा अझैपनि पूर्ण रूपमा महिलाहरू घर बाहिरनिस्केर सामाजिक कार्यमा संलग्न हुने अवस्था भने देखिदैन । घरमा हुने अनुत्पादनमुलक कार्यहरू जस्तै बाबु आमाको स्याहार सुसार, बालबच्चाको हेरचाह घरधन्दा आदिले गर्दा समय त्यतै व्यत्ति हुने भएकाले महिलाहरू माथि उठ्न सकेका छैनन् । मनोरञ्जन, चाडपर्व अन्य सामाजिक कार्यपर्दा पनि आफ्नो घरको काम बुहारीले नै गर्नु पर्ने हुँदा उनीहरू घरायसी काममा नै व्यस्त हुने पाइन्छ । त्यसकारण यस अध्ययन गर्ने क्रममा बुहारीहरूलाई चाडपर्वलाई जोडेर प्रश्न गरिएको थियो । चाडपर्व मनाउँदा खुसी हुनुहुन्छ भनेर जसका क्रममा आएको उत्तरहरू तल तालिकामा देखाइएको छ ।

**तालिका ५.१ : खुसी हुनेर नहुने उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| हुन्छु | ५६ | ९०.३ |
| हुदिन | ६ | ९.६ |
| **जम्मा** | **६२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका हेर्दा चाडपर्व मनाउँदा खुसी हुनेमा ९०.३ प्रतिशत देखियो भने नहुनेमा ९.६ प्रतिशत देखियो भने महिलाहरूलाई पनि काम, माम, लगायत मनोरञ्जनको आवश्यकता पनि चाहिने बुझियो ।

## ५.२ उत्तरदाताको पढाइ

परम्परागत्त रूपमा नै महिलाहरू घरभित्रका कार्यमा संलग्नता हुँदै आइरहेको भएतापनि उनीहरूलाई शिक्षाको आवश्यकता छ भन्ने धारणा व्याप्त छ । महिलाहरूलाई शिक्षा दिएमा नै हाम्रो समाजमा विकासको कार्य गर्न सरल हुन्छ भन्ने मान्यता पनि छ तर महिलाहरूलाई कतै धर्मका नाममा शिक्षा सहज छैन भने कतै जातीय विभेद, लैङ्गिक विभेदका नाममा पनि शिक्षा कमै दिने गर्दछन् । यस्ता मान्यताहरूले स्वयम् महिलाहरूलाई नै शिक्षाप्रति नकरात्मक धारणाको विकास गराउन मद्दत पुऱ्याउँछ । यही कुरालाई पनि यस क्षेत्रका महिलाहरू कतिको क्रियाशील वा जागरुक छन् या छैनन् उनीहरूको घारण बुभनको लागी अन्तवार्ता लिइएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.२ : उत्तरदाताको पढाइप्रतिको धारणा**

| **पढाइ प्रतिको धारणा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| सकरात्मक | ६० | ९६.७ |
| नकरात्मक | २ | ३.२ |
| **जम्मा** | **६२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

स्वयम् महिलाहरूले पढाइप्रति कस्तो रूप लिन्छन्, सकारात्मक छन् या नकरात्मक छन् भन्ने सवाललाई हेर्दा ६० जनाले सकरात्मक पढेर केही गर्न सकिन्छ भन्ने भनाइ व्यक्त गरे भने २ जनाले केही काम छैन हामी महिलाले घरको काम नगरी हुँदैन भन्ने राय व्यक्त गरे । यस्तो प्रतिक्रियाबाट के थाहा पाउन सकिनछ भने समाज, परिवार र स्वयम् महिला पढाइप्रति सकरात्मक भएमा उनीहरूको स्थितिमा सुधार आउँछ अन्यथा शिक्षाको स्तर माथि बढ्न सक्दैन । कूल ९६.७ प्रतिशतले भने शिक्षा नै जिवन हो हाम्रो आँखा हो यसलाई फैलाउँदै लैजानु जरुरी छ भन्ने धारणा व्यक्त गरे । अझै कोहीले शिक्षा नै महिलाको गहना भन्ने कुरा समेत गरेको पाइयो ।

## ५.३ समाजले गर्ने व्यवहार

मानिस भएर जन्मिएपछि उ समाजमा नै बस्नुपर्ने हुन्छ । समाजविना व्यक्तिको कुनै पनि अस्तिव हुँदैन । हरेक समाजका आ-आफ्नै विशेषता रहेका हुन्छन् । समाजले गर्ने व्यवहार पनि फरक फरक हुन्छ र त्यो व्यवहारमा समय अनुसार परिवर्तन आउने गर्दछ । समाजले नै मानिसको पहिचान दिने गर्दछ । त्यस्तै यस अध्ययनमा पनि समाजले विवाहित वा बुहारीलाई कस्तो व्यवहार गर्दछ उ प्रति सकरात्मक वा नकरात्मक धारणा कस्तो छ भन्ने कुराको जानकारी प्राप्त गर्ने क्रममा यस क्षेत्रका बुहारीलाई वा विवाहित महिलाई सोधिएको प्रश्नको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : उत्तरदातालाई समाजले गर्ने व्यवहार**

| **समाजले गर्ने व्यवहार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | ५८ | ९३.५ |
| ठिकै | ४ | ६.४ |
| **जम्मा** | **६२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ५.३ हेर्दा यस क्षेत्रमा महिला वा बुहारीर्ला समाजले गर्ने व्यवहार राम्रो रहेको छ । उक्त क्षेत्रमा बुहारीहरूले दिएको उत्तर अनुसार ५८ जना अर्थात् ९३.५ प्रतिशत र राम्रो व्यवहार गर्नुहुन्छ र ४ जना अर्थात् ६.४ प्रतिशत ठिकै व्यवहार गर्नुहुन्छ भन्ने कुराको जानकारी प्राप्त भएको छ । यस समाजमा बुहारीलाई गर्ने व्यवहार सकरात्मक रहेको देखिन्छ ।

## ५.४ पुरानो चलन र परम्परा

हाम्रो देशमा वा समाजमा विभिन्न धर्म, भाषा, जातजाति आदि मानिसहरूको आ-आफ्नो चालचलन, रितीरिवाज, परम्परा आदि छन् जुन परम्परागत रूपमा नै चलि आएका छन् । त्यस्तै ब्राह्मण क्षेत्री जातिका पनि आफ्नै चलन र परम्परा रहेको र चलिआएको पाइन्छ । संस्कृति र परम्परा सबै रहिरहनु जरुरत हुन्छ । तर त्यो समय अनुसार परिवर्तन गर्नुपर्ने हुन्छ । समाजमा रहेका अन्धविश्वास, कुसंस्कारहरूलाई वितारै हटाउँदै लैजानुपर्ने हुन्छ । यस्तै पुरानो चलन परिवर्तनमा उत्तरदाताको उत्तर निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : पुरानो चलन परिवर्तनमा उत्तरदाताको धारणा**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| सबै मिलेर यस्ता संस्कृतिको परिवर्तन गर्नुपर्छ | ४४ | ६०.५ |
| पुरानो परम्परा विस्तारै हटाउनुपर्छ | १८ | २५.० |
| **जम्मा** | **६२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकालाई हेर्दा सबै मिलेर यस्ता संस्कृतिको अन्त्य गर्नुपर्छ भन्नेमा ६०.५ प्रतिशत छन्  भने २५.० प्रतिशतले पुरानो परम्परालाई विस्तारै हटाउनुपर्छ भन्ने बारेमा जोड दिएका छन् । समाजमा

कुरितिलाई पन्छाउँदै नयाँ समाज निर्माणमा जानुपर्ने हुन्छ । यस शीर्षकमा सम्बन्धित रहेर एक बुहारीसँग वैयक्तिक अध्ययन लिइएको थियो जुन यस प्रकार छ ।

## वैयक्तिक अध्ययन एक

*म ३८ वर्षीय विवाहित बुहारी हुँ । मेरो विवाह भएको २० वर्ष भयो । अहिलेसम्म मेरो एक छोरा र दुई छोरी छन् जुन विवाह भएको २ वर्षमा पहिलो सन्तान र दोस्रो सन्तान ४ वर्षमा र तेस्रो ६ वर्षमा जन्म्यो । छोराछोरी पनि  ठूला भइसक्या । मेरो श्रीमान् वैदेशिक रोजगारमा जानुभएको छ । घरमा छोराछोरी र सासु आमा हुनुहुन्छ । हामी घरमा सानो परिवार छौं । पहिल्यै भएपनि मेरो विवाह गर्दा एस.एल.सी. पास गरेकी थिए । एस.एल.सी. पछि मैले आफ्नो पढाइ अगाडि बढाउन सकिन । म सामान्य पढाई लेखाई भएकी महिला भएको कारणले मेरो घर वरपर जति पनि असुरक्षित कुराहरू छन् तिनलाई सच्याउन चाहन्थे । मेरो माइतिघरमा मेरो बुबाआमा दुवै समाज सेवामाअग्रसर रहनुभएकोले म पनि त्यसबाट प्रभावित थिए । हाम्रो घर वरिपरि लुकेर रहेका कुसंस्कार, अन्धविश्वासलाई विस्तारै कमी गराउन पाए भन्ने सोचिरहन्थे यी यस्ता कारणले हामी छोरी बुहारीहरू कति प्रभावित छन् । हुन त पनि १३ वर्षको हुँदा नछुने भएकी थिए । त्यतिवेला गर्ने व्यवहार र अहिले गर्ने व्यवहारमा त परिवर्तन आएको छ तर धारणा भने उस्तै रहेको पाइन्छ । त्यस्तै हाम्रो समाजमा एउटा महिलाले छोरालाई जन्म दिँदा र छोरीलाई जन्म दिंदा उसलाई परिवारले गर्ने व्यवहारमा धेरै नै भिन्नता देख्न पाइन्छ । छोरा जन्मिदा आफ्नो घरको वंश धानिने भयो भनेर धेरै माया गर्ने र छोरी जन्मिदा अलि कम माया गर्ने र व्यवहारमा समेत फरक गर्ने गरेको पाइन्छ । बुहारीले छोरी मात्र जन्माइ अब वंश मासिने भयो भनेर अब यो बुहारीबाट छोरा भएन छोराको दोस्रो विहे गर्नुपर्छ भन्ने विचार समेत गर्दछन् । यो सबै पुरानो चलन र परम्पराले हो । भन्छन् छोरा नहुने मानिसलाई स्वर्गको ढोका बन्द हुन्छ । उसले मरेपछि स्वर्ग जादैन भन्ने मान्यताले गर्दा छोरा जसरी पनि चाहिन्छ भन्ने कुरालाई आफ्नो दिमाखमा राख्दछन् । हाम्रो समाजमा यस्ता कुराहरूले ठूलै रोग निम्त्याएको छ । यस्तो विचारलाई परिवर्तन गर्नु जरुरी छ । छोरा छोरी समान हुन् दुवै आफ्नै सन्तान हुन् उनीहरूमा भेदभाव गर्नु हुँदैन भन्ने कुरामा ध्यान दिनुपर्छ र सबैले यो कुरालाई बुझ्नु जरुरी छ । के सन्तान जन्माउदा छोरा भएन भनेर महिलाको मात्र दोष हुन्छ त? त्यसैले समाजमा रहेका यी चलन हटेर आफैं जाँदैनन् हामी सबै मिलेर यस्तो सोचको परिवर्तन गर्नुपर्छ । हुन त समाजमा परिवर्तन गर्ने नाउँमा सम्पूर्ण धर्म, संस्कृति, मानसम्मानलाई ख्याल नगर्ने होइन कि नराम्रोलाई फ्याँकेर राम्रो असल कुराको सिको गरी अगाडी बढ्नुपर्ने हुन्छ । हाम्रो समाजमा पनि यी कुराहरू अगाल्ने मानिस रहेका छन् नै तापनि विस्तारै त्यसलाई परिवर्तन गर्दै लैजानुपर्ने हुन्छ ।*